'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

बुलेटिन ६, वर्ष २

# अर्हत

शक सं. १९३४ वि.सं. २०६९ कार्तिक २९ ने.सं. ११३३ कछलाथ्व, म्हपूजा



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रो पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन । यो शील राम्ररी पालन गर्नेछु ।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै छोड्ने शील राम्ररी पालन गर्छु ।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार*

# अर्हत

वर्ष २ | बुलेटिन ६ | ११३३ म्हपूजा

सम्पादन/प्रकाशन
बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन
फोन - ६६१९१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रेस इनाचो
भक्तपुर
फोन - ६६१४७९३

सहयोग रु. २०।-

अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज**

# प्रकाशकीय

'कसैको चित्त, नदुखाउनु ! चित्त दुख्ने व्यवहार गर्नु हिंसा हो' भन्ने भावना महामानव गौतम बुद्धको हो । यस अर्थमा अमेरिकी सरकार हिंसाको समर्थक हो । उसले अमेरिकी आइकन शु डिजाइन कम्पनीमार्फत् बुद्धको चित्र अंकित जुत्ता उत्पादन गरेर बौद्ध दर्शनमा आस्था राख्ने विश्वका जनताको चित्त दुख्ने काम गऱ्यो । महामानव बुद्धलाई अपमान गऱ्यो । यसकारण बौद्ध दर्शन अध्ययन समाजले पनि अमेरिकी सरकारको त्यस घृणित कामप्रति निंदा गरेको हो ।

अमेरिकाले महामानव गौतम बुद्धलाई अपमान गरेजस्तै कसैले क्राइष्टलाई अपमान गऱ्यो भने के क्रिश्चियनहरुको चित्त दुख्दैन र ? के त्यस्तो काम गर्नु उचित छ र ? हामीलाई लाग्छ – हृदयभित्र रगत हुने कसैले पनि त्यस्तो घृणित काम गर्दैनन् । अरुको आस्थामाथि चोट पुऱ्याउने त्यस अमेरिकी सरकारको कार्यको विरोध शान्तिकामी जनताले गर्दै जानुपर्ने अनुभव हामीले गऱ्यौं ।

आज विश्वमा जातीय दंगा र धार्मिक दंगाको समाचार बराबर सुन्नमा आउँछ । त्यस्तै घटनाले विश्व अशान्त बनाएको हो । विश्वका शान्तिकामी जनता त्यस्ता घटनाबाट त्राहीमाम छन् । थरी थरीका साम्प्रदायिक घटनाले मानव जाति दुःखको सागरमा डुब्दैछन् । विश्वमा यस्तो खालका परिस्थिति कायम गर्न मानवताविरोधीहरुले जालझेल गर्दैछन् । हामीले बुझ्नुपर्छ – हजारौं वर्ष पहिलेदेखि यस्ता भयावह परिस्थिति आउन नदिन महामानव गौतम बुद्धले जीवनभर परिश्रम गरी विश्वका जनतालाई शान्तिको मार्ग देखाउनुभयो । तर आफ्नो निहित स्वार्थ पूरा गराउन पूँजीवादी सरकार तथा पूँजीपति वर्गले विभिन्न किसिमका षड्यन्त्रहरू गर्न सक्छन् भन्ने उदाहरण अमेरिकी आइकन शु डिजाइन कम्पनीको कार्यबाट थाहा हुन आएको छ । अस्तु !

# भिक्षुहरुले आफ्नो देशको स्वतन्त्रताको निम्ति बलिदान दिएका थिए

(बौद्ध दर्शनबारे नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग 'अर्हत' प्रतिनिधिले गरेको संक्षिप्त वार्ताको सार प्रस्तुत छ - सम्पादक)



*नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)*

**के भिक्षुहरू पनि सामाजिक तथा उत्पादन कार्यमा लाग्छन् ?**

केही मानिसहरू भिक्षुहरू समाजका काम गर्दैनन् र उत्पादन श्रममा भाग लिंदैनन् भन्ने भ्रम राख्छन् । यसको कारण पहिले हिन्दू धर्मका प्रचारकहरू बाबा र फकिरहरू जस्तै भिक्षुहरू पनि सामाजिक जीवनका कार्यमा भाग लिंदैनन् भन्ने अनुमान गर्छन् ।

तर व्यवहारमा आनन्द कुटी विहारमा आफै भिक्षुहरू वा बौद्ध धर्मालम्वीहरू सामाजिक वा शैक्षिक कार्यमा सक्रिय थिए भन्ने एक उदाहरण हो । त्यस्तै चीन, मंगोलिया वा अन्य समाजवादी देशमा पनि भिक्षुहरूले श्रम र सामाजिक कार्यमा भाग लिएका छन् ।

**के भिक्षुहरू धर्मबाहेक जीवनका अन्य क्षेत्रमा पनि चिन्तन गर्छन् ?**

भिक्षुहरूले सामाजिक, शैक्षिक र उत्पादन श्रममा मात्र भाग लिने गरेको होइन, राजनैतिक क्षेत्रमा पनि सक्रियतापूर्वक भाग लिएको धेरै उदाहरणहरू छन् । बुद्ध कालमै देशमा अनिकाल र भोकमरी हुँदा समाजका अनेक विकृति विसंगति फैलिंदा तथा युद्ध हुँदा गौतम बुद्ध आफै स्थिति नियन्त्रण र निवारणमा सक्रिय भएका अनेक उदाहरणहरू छन् ।

**के भिक्षुहरू राजनैतिक क्षेत्रमा पनि सक्रिय हुन्छन् ?**

श्रीलंकामा आफ्नो देशको स्वतन्त्रताको लागि भिक्षुहरू पनि राजनीतिको क्षेत्रमा अगाडि थिए । राजनैतिक शक्तिमा विहार र भिक्षु प्रथम शक्ति थिए । त्यस्तै बर्मा, भियतनाम, कम्बोडिया र लावसमा पनि भिक्षुहरू आ-आफ्नो देशको स्वतन्त्रता र स्वाधीनताको निम्ति बलिदान भएको अनेक उदाहरणहरू छन् ।

नेपालमा पनि भिक्षु अमृतानन्द र अन्य भिक्षुहरूले भाषा, साहित्य र जनताको मौलिक अधिकारको निम्ति आवाज उठाउँदा राणाहरूबाट देश निकालामा परेका थिए । देश निकाला भए तापनि उहाँहरुले श्रीलंका, बर्मा र भारतमा बसेरै आफ्ना गतिविधिहरू अगाडि बढाउनुभयो । प्रजातन्त्रको पुन:स्थापनापछि भिक्षु अश्वघोष माथिल्लो सदनको सदस्य हुनुहुन्थ्यो र संविधान सभामा पनि एकजना भिक्षु सदस्य हुनुहुन्थ्यो ।

# सिंगापुरका गाइडले भने

## 'बुद्ध भारतमा जन्मेका हुन्'



✦ प्रेम सुवाल

वि.सं. २०५६ साल अश्विन २० गते हामी बसेको जहाज काठमाडौंबाट सिंगापुरको लागि उड्यो । दक्षिण अफ्रिकाको डर्वान सहरमा ट्रान्सपरेन्सी इन्टरनेशनलको वार्षिक साधारणसभा र भ्रष्टाचाविरोधी नवौं अन्तर्राष्ट्रिय सम्मेलनमा सहभगी हुन पूर्वसभामुख दमननाथ ढुंगाना, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख मधुसुदनप्रसाद गोर्खाली र तत्कालीन सचिव कर्णबहादुर चन्द, महालेखा परीक्षक कार्यालयका तत्कालीन प्रमुख विष्णुबहादुर केसी र तत्कालीन नायव प्रमुख प्रचण्डलाल झा, पूर्वअर्थमन्त्री एवं ट्रान्सपरेन्सी इन्टरनेशल नेपाल च्याप्टरका संस्थापक अध्यक्ष डा. देवेन्द्रराज पाण्डे, नेपाल च्याप्टरका रमेशनाथ ढुंगाना र आदित्यमान श्रेष्ठसमेत हामी सात जना सिंगापुर हुँदै डर्वान जाँदै थियौं । हामी सिंगापुर पुग्ने र डर्वानको लागि अर्को जहाज उड्ने बीचको समय छोटो थियो । हामी काठमाडौंबाट गएको जहाजबाट निस्कँदै गर्दा डर्वान उड्ने जहाजको यात्रु चढिसकेको र ढोका बन्द भइसकेको थियो । हामीलाई उडाउने वायु सेवाले सिंगापुरमै एकरात बसाउने व्यवस्था गऱ्यो ।

हामी होटलमा बस्यौं । घाम एक दुई घण्टा बाँकी थियो । होटलमा पर्यटकलाई सिंगापुर सहर घुमाउने सिटी टुर बस आउँदै जाँदै थियो । हामीमध्ये ममात्रै पहिलो पटक सिंगापुर पुगेको थिएँ । अन्य पर्यटकसँगै म सहर घुमाउने एउटा सिटी टुर बसमा चढें । छत नभएको बसबाट सहरको चारैतिर देखिन्थ्यो । गाइडले सिंगापुर सहरको भूगोल, जनसंख्या, सडक, भवन, विकास आदिबारे बताउँदै थिए । सहरको एक ठाउँमा इण्डोनेशियाबाट माटो ल्याउँदै समुद्र पुरेर जमिन बढाउँदै थियो । सिंगापुर झण्डै काठमाडौं उपत्यका जतिमात्र क्षेत्रफल भएको ४० लाखजति जनसंख्याको देश हो ।

गाइडले बजारको एक छेउमा बुद्धको मूर्ति देखाउँदै बुद्ध भारतमा जन्मेको बताए । सो बसमा विभिन्न देशका हामी ८-१० जनामात्र थियौं । नेपाली म एक्लै थिएँ । मैले गाइडको भनाईमा आपत्ति जनाउँदै भने - 'म बुद्ध जन्मेको देश नेपालबाट आएको हुँ । बुद्ध नेपालको लुम्बिनीमा जन्मेका हुन् ।' गाइडले आफूसँग भएको सिंगापुर पर्यटन बोर्डबाट प्रकाशित गाइड पुस्तक पल्टाउँदै जवाफ दिए- 'यो गाइड पुस्तकमा बुद्ध भारतमा जन्मेको लेखिएको छ ।' मैले जिकिर गरे- 'त्यो पुस्तकमा लेखिएको गलत छ, यथार्थ बुद्ध नेपालमा जन्मेका हुन् ।' हामीबीच दोहोरी चल्यो । अन्य विदेशीहरु वाल्ल परे । तर कसैले कुनै टिप्पणी गरेनन् । गाइडले बुद्ध नेपालमा जन्मेको भए नेपाल सरकारले सिंगापुर सरकारलाई लेखेर पठाउनुपर्ने र सिंगापुर सरकारले सिंगापुर पर्यटन बोर्डलाई भनेर यो गाइड पुस्तकमा संशोधन गराउनुपर्ने त्यसपछिमात्र बुद्ध नेपालमा जन्मेको भन्न मिल्ने बताए । गाइडले फेरि मसँग स्पष्ट गरे- 'सिंगापुर सरकारको आधिकारिक पुस्तकमा बुद्ध नेपालमा जन्मेको स्पष्ट उल्लेख नभएसम्म मजस्ता गाइडले संशोधन गर्न मिल्दैन, सक्दैन ।'

बुद्ध जन्मेको देशका नागरिकले विदेशमा बुद्ध भारतमा जन्मेको सुन्नुपर्दा लज्जाबोध भयो । सरकारका प्रम, मन्त्री, सचिव र धेरै उच्च कर्मचारीहरु सिंगापुर आइसके, घुमिसके । धेरैले सिटी टुर गरिसके । बुद्धलाई 'एसियाको ज्योति' पनि भनियो । वास्तवमा बुद्ध संसारकै

ज्योति हुन् । तर किन एसियाको एउटा मुलुक सिंगापुरको गाइड पुस्तकमा 'बुद्ध भारतमा जन्मेको' प्रकाशित हुन्छ ? नेपाल फिर्ता हुनेबितिकै नगरपालिकाले सरकारलाई पत्र लेख्ने अठोट गरी मनोबल बढाएँ ।

डर्वानको साधारणसभा र सम्मेलनमा भाग लिएर हामी सबै काठमाडौं फिर्ता भयौं । भक्तपुर नगरपालिकामार्फत् तत्कालीन संस्कृति तथा पर्यटन मन्त्रालयलाई सिंगापुरमा भएको व्यहोरा उल्लेख गरी पत्र लेखें । ताकेता पनि गरें । तर अहिलेसम्मका सरकारहरुले बुद्ध नेपालमा जन्मेका हुन् भारतमा होइन भनी सिंगापुर सरकारलाई नलेखेकोमा आश्चर्य लाग्यो ।

दस वर्षपछि वि.सं. २०६६ सालमा नेपालका राजनीतिक दलहरुको चीन भ्रमणमा नेपाल मजदुर किसान पार्टीको प्रतिनिधि भएर म पनि गएँ । चीनको पर्यटक गाइड पुस्तकमा पनि 'बुद्ध भारतमा जन्मेको' भनी छापिएको थियो । त्यतिबेला सरकारमा गएका पार्टीका साथीहरुसँग मैले भनें - 'यसको जिम्मेवारी बरोबर सरकारमा गएको नाताले तपाईंहरुले लिनुपर्छ । अविलम्ब संशोधनको लागि पहल गर्नुपर्छ ।'

तर अहिलेसम्म पनि नेपाल सरकारले कुन कुन देशको पाठ्यपुस्तक, गाइड पुस्तक र अन्य प्रचार सामग्रीमा 'बुद्ध भारतमा जन्मेका हुन्' भनी भूटा व्यहोरा लेखिएको र प्रसारित भएको छ जानकारी लिने र त्यसलाई संशोधन गर्ने गराउने काम गरेको जानकारीमा छैन । एमाओवादी, नेपाली कांग्रेस, एमाले, मधेसी मोर्चा र अन्य पार्टीहरु बरोबर सरकारमा जान्छन् तर नेपालको सार्वभौमिकता अतिक्रमण भइरहेको, नेपालमाथि सांस्कृतिक आक्रमण भइरहेको र बुद्ध भारतमा जन्मेकाजस्ता भूटा कुरा प्रकाशित भइरहेको तर्फ मौन छन् ।

विश्वका धेरै देशमा बौद्ध दर्शनका अनुयायीहरु छन् । संसारमा नेपाल बुद्ध जन्मेको देशको रुपमा नै चिनिन्छ । नेपाल-चीनको सम्बन्ध दोस्रो शताब्दीमा बौद्ध दर्शनमार्फत् नै जोडिएको हो । चीनमा करिब ३० करोड जनता बौद्ध दर्शनका अनुयायी छन् । यसकारण चीनका बौद्ध दर्शन अनुयायी अत्यधिकलाई नेपालको लुम्बिनी भ्रमणमा ल्याउन सक्ने सम्भावना धेरै छ । नेपाल सरकारले यो वर्ष लुम्बिनी भ्रमण वर्ष घोषणा गऱ्यो तर जनस्तरसम्म प्रचार, प्रसार र सहभागिता नभएकोले यसको प्रभावकारिता देखिएन ।

भारतले लुम्बिनीसँगैको आफ्नो भूमिमा नक्कली लुम्बिनी बनाइरहेकोले नेपाल सरकार थप सचेत र सम्वेदनशीन हुनु आवश्यक छ । केही वर्ष अघिमात्र भारतले 'चाँदनी चोक टू चाइना' चलचित्रमा बुद्ध भारतमा जन्मेको दाबी गऱ्यो ।

केही महिनाअघि अमेरिकाको एउटा जुत्ता कम्पनीले आफ्नो उत्पादित जुत्तामा बुद्धको छाप राखेर महामानव बुद्धको अपमान गऱ्यो । यसको चौतर्फी विरोध भएपछि अमेरिकी जुत्ता कम्पनीले जुत्तामा बुद्धको छाप राख्ने काम बन्द गऱ्यो र संसारको महाशक्ति देश अमेरिका बुद्धको अगाडि भुक्यो । पच्चीस सयवर्ष अगाडि प्रतिपादित बौद्ध दर्शन मानव सभ्यताकै एउटा अगाडि बढेको दर्शन हो । यो दर्शनमै आधारित भएर समाजवादी विचार र दर्शनको विकास भएको हो । यसकारण पूँजीवाद र साम्राज्यवादका पृष्ठपोषकहरु बुद्धको अपमान गर्न खोज्दैछन् ।

भक्तपुर नगरपालिका वडा नं. ६ खँचास्थित मुनी विहारमा राखिएको बुद्धको ठूलो प्रतिमा थाइल्याण्डबाट प्राप्त भएको हो । सो प्रतिमा थाइल्याण्डबाट ल्याएर किर्तिपुरको विहारमा राखिएको थियो । भक्तपुर नगरपालिकाको प्रमुखको हैसियतले सो प्रतिमा हस्तारण गरी लिन मलाई निम्तो आयो । सो प्रतिमा हस्तान्तरण गरी लिन मुनी विहारका साथीहरु र अन्य जनप्रतिनिधि साथीहरुसमेत कीर्तिपुर विहारमा पुगेका थियौं । एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो । बुद्धको उपदेश र दर्शन आत्मसात गरी जीवन र व्यवहारमा प्रयोग गर्नु आजको आवश्यकता हो ।

२०६९/०७/२४

# शान्तिको लागि सदभाव



✦ भिक्षु कोण्डन्य

शान्तिको खाँचो कहाँ, कसलाई पो छैन र ? तर आज शान्ति बफरा शान्तिझैं भएको यत्रतत्र अनुभूत भइरहेको छ । कुनै पनि राज्य सत्तामा विविध क्रान्ति, झैझगडा, हिंसा, आतंक हुनु आज सत्तामा स्वाभाविक प्रक्रियाजस्तै भइसक्यो । तर, राज्यको स्थिति तहसनहस पार्ने तवरका क्रान्तिलाई भने रचनात्मक एवं सकारात्मक पक्ष मान्न सकिन्न । आज कहीं राजनैतिक, सामाजिक, भाषिक, जातीय, आर्थिक, धार्मिकजस्ता सवालहरूमा स्वतन्त्रता र विकासको लागि क्रान्तिहरू शान्ति तवरमा भन्दा कैयौं गुणा बढी हिंसात्मक तवरमा क्रान्तिहरू छेडिएका छन् । वस्तुत: यस्ता सवालहरूको क्रान्तिले हरेक देशमा प्रभाव पार्नुलाई अस्वाभाविक मान्न सकिन्न । परिणामत: शान्ति क्षेत्र भनी विश्वस्तरमै मान्यता प्राप्त गर्न उन्मुख भइसकेको हाम्रो देश नेपाल पनि विगत केही वर्षअघिदेखि अशान्तिको भुमरीरुपी चपेटामा फस्दै धरापमा धकेलिंदै गइरहेको छ भने कुरा वर्तमान अस्तव्यस्त, अराजक, अन्योलता र अस्थिरतापूर्ण शासनव्यवस्थाको स्थितिले उदाङ्ग पारिदिएको छ । विगतमा हाम्रो देशमा भएको सशस्त्र जनयुद्धकालीन क्रान्तिकै नाममा प्रहरी-सेना र माओवादीबीच युद्ध छेडिएपछि हजारौं जनताको ज्यान गुमिसकेको यथार्थता कहीं लुकेको छैन ।

वस्तुत: शासक, शासित अझ विद्रोहीहरू स्वयंलाई पनि आतंकवादको नियन्त्रणार्थ केवल हतियार, सेनाको बल र सञ्चार माध्यमको नियन्त्रण र एकपक्षी आ-आफ्नो प्रचारले मात्र सम्भव नहुने कुरा विगतको सशस्त्र जनयुद्ध कालको संकटकालदेखि आजसम्मको परिस्थितिले स्पष्ट भइसकेको हुनुपर्छ । हिंसाले कस्तो परिणाम निकाल्छ भन्ने स्वयंसिद्ध तथ्यझैं भइसकेको छ । धम्मपदमा उल्लेख्य बुद्धभाषित उपदेशमय गाथा **नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं, अवेरेन च सम्मन्ति, एसधम्मो सनन्तनोलाई** स्मरण गर्दा वैरभावले वैरभाव कहिल्यै शान्त हुँदैन, अवैरभावले मात्र वैरभावलाई शान्त पार्न सकिने हुन्छ र त्यसै अनुरुपको रचनात्मक व्यवहारले समन गरी वशमा पार्न सक्नेहुन्छ भन्ने जीवनोपयोगी सन्देशलाई आजका प्रत्येक नेतृत्व वर्गले मनमा धारण गरी व्यवहारमा उतार्नेतर्फ उन्मुख हुनुपर्नेमा ठीक विपरीत व्यवहार एकपछि अर्को अकासिंदै जानाले गल्तीलाई बारम्बार दोहऱ्याउने क्रम जारी छ, जुन कसैको लागि पनि सुखकर हुनैसक्दैन । यथार्थत: लोकतन्त्र/प्रजातन्त्रअनुरुप जनताका आधारभूत मागहरू पूरा गर्ने कदमहरूलाई मूर्तरुपले व्यवहारमा उतारेर मात्र आतंकवादलाई हराउन सकिने सम्भावना भेटिने हुनसक्छ । जनताको लागि गरिनुपर्ने कार्यहरू नेतृत्ववर्गबाट इमानदारीका साथ व्यवहारमा उतार्न थालिएमा जनशक्तिले आतंकवाद क्रियाकलापमा सरिक हुनेहरूलाई वार्ताबाट समाधान निकाल्न बाध्य पार्न सकिने सम्भावनाहरू देखिने हुन्छ । त्यसैले कुनै पनि क्षेत्र आपसी द्वन्द्वबाट विमुख अवश्य पनि भएको हुँदैन भने राष्ट्रमा शासक र शासित पक्ष, अझ विद्रोही पक्षकाबीच द्वन्द्व चलिरहन्छ । तर देश, काल र परिस्थितिलाई नै तहस-नहस गर्न विकासमा मन्दगति सिर्जना गर्ने, मात्र हिंसालाई व्याप्त गर्ने, जनजीवनलाई नै त्राहीमाममा पारी अस्तव्यस्तमा धकेलिने क्रियाकलापपूर्ण विधि-व्यवहार जुन कसैको पक्षमा पनि हितकर हुँदैन । यस कुरामा विशेषत: जिम्मेवारी बहन गरिरहेकाहरू सतर्क र सजक हुनुपर्छ ।

वास्तवमा जसले राष्ट्र, धर्म, समाज, संघ-संगठनलाई निरन्तरता दिने भन्ने अभिसोच लिएका हुन्छन्,

उनीहरूलाई बैरी साँध्ने, बदला लिनेजस्ता मतिभ्रष्ट स्वभाव, कलुषित विचारधारा, संकुचित भावना तथा स्वार्थगत मनोभाव एवं दृष्टिलाई त्यागेर स्वस्थ मानसिकताको विकास गर्नैपर्छ । विग्रह र विवाद, विखण्डन र विभेदीकरण होइन सहमति र मेलमिलापपूर्ण वातावरण अनि एकीकरणका लागि शान्ति-वार्ता, सहमति र सौहार्द्रता र हृदय परिवर्तनको आवश्यकता छ । उत्पीडन, आपसी वैमनस्यता, आपसी वैरभावपूर्ण गहिरो खाडल, हिंसा, आतंक, सत्ताको होडबाजी र भय-सन्त्रास फैलावट प्रवृत्ति हावी भइरहुन्जेल हामी अशान्तमै कोचिएर गुन्दुक खाँदिएझैं बस्न बाध्य हुनेछौं । जसरी युद्धको समयमा युद्धविराम नहुनाले जसरी हिंसा व्याप्त हुँदैजान्छ, त्यसरी नै शान्तिको स्वास फेर्न सकिने हुँदैन । कुनै पनि समस्याको निकासको लागि संवादको माध्यमले वार्तारुपि ढोका खुलाउन जतातत्तैबाट हरसम्भव प्रयास जारी राख्नुपर्दछ । यसतर्फ सम्बद्ध सबै पक्षबाट रचनात्मक एवं सकारात्मक भई समाधानको उपाय खोजी गर्नेतर्फ लाग्नु सबैको लागि हितकर एवं सुखकर विषय हुनेछ । आपसी खिचातानी र सत्ता लोलुपतामै गिद्धे नजर लगाई पुन: अशान्तिमै धकेलिने परिस्थिति जो, जसबाट सिर्जना हुन्छ त्यस कदम धोकेबाज सावित भई राष्ट्र जनताका लागि अहितकर नै सावित हुनेछ । उनीहरू स्वयंपछि धकेलिँदै धरापमा फसिँदै जाने हुन्छ ।

देश र जनताको ख्याल गरी सम्बद्धपक्षले संवेदनशील भई व्यावहारिकता प्रदर्शन गर्नु जरुरी छ । यस उसले आजको आवश्यकता भनेको वैरभावलाई त्यागी शान्तिको लागि आवश्यक कदमलाई निम्त्याउनु हो । जसको लागि जसरी हुन्छ, जहाँ हुन्छ, जसबाट हुनेछ त्यो पहल गरिनुपर्छ । यो पनि नभुलौं कि जनमानस अस्थिरता होइन स्थिरता चाहन्छ, गोरुको बाह्रै टक्का भनेझैं आ-आफ्नै डम्फु बजाउँदै नाच्ने गाउने प्रवृत्ति अन्त होस्, सम्बन्धित सबैले सत्तामा जान अगाडिको कुर्सीमा पुगेपछिको अवस्थालाई सही रुपमा मूल्यांकन गर्दै अगाडि बढ्नु सबैका लागि हितकर विषय हुनेछ ।

ତ୍ରତ୍ରତ୍ର

*सभार : बुद्ध र शान्ति-शिक्षा पुस्तकबाट*

कविता

# कालाम सुत्त

✦ **भिक्षु विशुद्धानन्द** *(भदन्त सम्यक सम्बोधि)*

विश्वास नगर कहिले पनि अन्धश्रद्धाले
विवेकको प्रयोग गरेर विश्वास गर्ने गर ।
गुरुले भन्यो भन्दैमा विश्वास नगर
ठूलाको कुरा भन्दैमा विश्वास नगर ।
राम्ररी जाँचेर विश्वास गर्ने गर
कारण बुझेर मात्र विश्वास गर ॥

पढ्दैमा सुन्दैमा विश्वास नगर
धर्म, संस्कृति भन्दैमा विश्वास नगर ।
अनुसन्धान गरेर विश्वास गर्ने गर
वास्तविक बुझेर मात्र विश्वास गर ॥

मन पर्‍यो भन्दैमा विश्वास नगर
आफ्नो मान्छे भन्दैमा विश्वास नगर ।
युक्ति संगत भएमा विश्वास गर
ज्ञानी गुणी भएमात्र विश्वास गर ॥

*(स्रोत - सम्यक संस्कार)*

मैले तिमीहरुलाई डुंगाको उपमा जस्तै धर्मोपदेश गरें । नदी पार भई जानलाई डुंगाको सहायता चाहिन्छ । पार भइसकेपछि त्यो डुंगा बोकेर कोही पनि हिंड्दैन ।

*गौतम बुद्ध*

# अनगारिका धर्मचारी



✦ रत्नसुन्दर शाक्य

बुद्ध-शासनको इतिहासमा सांसारिक दु:खबाट विरक्त भई गृहत्याग गर्नुभएका महिलाहरू असङ्ख्य रहेको कुरा हामी बौद्ध साहित्यको अध्ययनबाट थाहा पाउँछौ । त्यस किसिमका महिलाहरू अहिले पनि धेरै मात्रामा रहेको हामी अनगारिकाहरूको जीवनीको अध्ययन-मननबाट थाहा पाउन सकिन्छ । यसको एक ज्वलन्त उदाहरण स्वरुप 'अनगारिका धर्मचारी' लाई प्रस्तुत गर्न सकिन्छ जसको नेपालमा स्थवीरवाद बुद्ध-धर्म प्रचारप्रसारमा विशेष योगदान रहेको थियो ।

विसं. १९५५ सालको लक्ष्मी पूजाका दिन कान्तिपुरको असनस्थित एक सम्पन्न तुलाधर कुलमा जन्मेकी उनी माता रत्नमाया तुलाधर र पिता मानकाजी तुलाधरको आठौं सन्तान थिइन् । लक्ष्मीपूजाका दिन जन्मेको हुनाले उनको नाम 'लक्ष्मीनानी' राखियो ।

लक्ष्मी नानीले १० वर्षको उमेरभित्रमा आफ्नै प्रयासबाट साक्षर बनेकी थिइन् । त्यसबेलाको चलनअनुसार ११ वर्षकै उमेरमा उनको इतुंबहालस्थित एक सम्पन्न परिवारका पुत्र सेतेकाजीसित विवाह गरिदिइयो । विवाह भएको ७ वर्षपछि १८ वर्षको उमेरमा उनीद्वारा एक पुत्रको जन्म भयो । तर अफशोच । त्यसपुत्र २ वर्षको नहुँदै अनित्यतालाई सम्झाउँदै मृत्युपदमा पुग्यो । लक्ष्मीनानीले बाध्य भई पुत्र शोकमा धैर्यधारण गरिन् ।

लक्ष्मीनानी पुन: गर्भवती भइन् । ७ महिनाको गर्भावस्थामा नै आफ्नो प्रिय पति सेतेकाजीको असामयिक निधन भयो । विरह असह्य हुनु स्वाभाविक थियो तैपनि गर्भको ख्याल गरी लक्ष्मीनानीले दु:खलाई सहिन् । गर्भको १० महिनापछि पुत्रीको जन्म भयो । तिनको नाम 'लक्ष्मीदेवी' राखियो ।

लक्ष्मीदेवी पनि क्रमश: उमेर चढ्दै ८ वर्षमा पुगिन् । त्यसैताका एकदिन आमा-छोरी घरमा बसिरहेको बेला अचानक एक छिमेकीको घरमा हाहाकारको रोदन सुनियो । केको रोदन भनी त्यहाँ गई हेर्न जाँदा एक ४ वर्षको बच्चाका सम्पूर्ण शरीरको लुगा आगोले जलिरहेको देखिन् । कसैले त्यस बच्चाको लुगा फुकाल्ने साहस गरेनन् । मात्र चिच्याइरहे । लक्ष्मीनानी झटपट गई बच्चाको जलिरहेको लुगा तानी फुकाली अर्कै कपडाले त्यसलाई छोपी बच्चाको ज्यान जोगाइन् परन्तु आफू सँगै लगेको आफ्नो छोरीलाई सकुशल राख्न बिर्संदा तर्सिएर बेहोश भएको छोरी लक्ष्मीदेवीको बेहोशकै अवस्थामा निधन हुन पुग्यो ।

पतिवियोगबाट छटपटिरहेका लक्ष्मी नानी पुत्री वियोगबाट अरु दु:ख थपी मुर्छित भइन् । उनको लागि संसारै शून्य प्राय: भयो तब उनी जीवनदेखि विरक्त भइन् ।

यसपश्चात् लक्ष्मीनानीको जीवनको मोड बद्लियो । उनी धर्म अन्वेषिका बनिन् । जहाँ-तहीं हुने बुद्ध-धर्मको क्रियाकलापमा सरिक रहिन् । घरमा परम्परागत दिवाली पूजा आदिमा हुने पशुबलीलाई रोक्न सफल भइन् ।

त्यसताका काठमाडौंको स्वयम्भू डाँडामुनि दक्षिणतिर रहेको किन्डोल विहार विशेषत: धर्मादित्य

धर्माचार्य (नेसं. १०२२-८३) को प्रयासबाट जीर्णोद्धार भइरहेको थियो । त्यस प्राचीन विहारलाई जीर्णोद्धार गरी धर्मादित्यले त्यस विहारबाट स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार गर्ने लक्ष्य राखी पुनर्निर्माण सुरु गर्नुभएको थियो । त्यसै जीर्णोद्धारित विहारमा सुरुमा महायानी ढङ्गबाट अष्टमी व्रत एवं अनेक पूजापाठ आदि सञ्चालन हुँदै आइरहेको थियो । त्यसै विहारमा चल्दै आएको अष्टमी व्रत पूजापाठ आदिमा साक्षर हुनुभएको लक्ष्मीनानीले त्यस व्रत एवं पूजापाठमा संलग्न हुन आएका श्रद्धालुहरूलाई ललितविस्तर एवं अन्य धर्मकथा सुनाउने कार्य गर्दै आएकी थिईन् साथै महिलाहरू साक्षर हुनुपर्ने बारेमा अवबोध गराउँदै आएकी थिइन् ।

त्यसैताका नेवार समुदायका केही शिक्षित नवयुवकहरूलाई तिनीहरूको चालचलन (मासु नखाने, जातिभेद नमान्ने, ब्राह्मणहरूलाई नढोग्ने आदि) लाई दृष्टिगत गरी एक-एक गरी राणा सरकारले पक्रेर लगेको थियो । ती पक्रिएकाहरूमा योगवीरसिंह कंसाकार, मणिकमान तुलाधर, सिद्धिरत्न कंसाकार, धर्ममान तुलाधर, करुणारत्न तुलाधर, दसरत्न तुलाधर (पछि भिक्षु धम्मालोक) खड्गराज तुलाधर, मञ्जुहर्ष बज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्तधर तुलाधर (हृदय) र लक्ष्मी नानी तुलाधर थिए । विसं. १९८७ सालको माघ महिनादेखि धरपकड सुरु गरिएको त्यस पर्वलाई 'आडम्बर मत पर्व' नामकरण गरिएको थियो । ती सबैलाई झण्डै वर्षदिनसम्म सधैं अड्डामा हाजिर हुनुपर्ने गरी दुःख दिइसकेपछि बल्ल मुद्दाको फैसला सुनाइएको थियो । लक्ष्मीनानी एक जनालाई सायद एक्लो महिलाको हैसियतले सुरुमै केही केरफेर मात्र गरी छोडिएको थियो ।

राणा प्रधानमन्त्री श्री ३ भीमशम्शेर (शासनकाल-विसं. १९८६-८९) को पालामा भएको यस पर्वको मुद्दाको फैसला २१ कार्तिक १९८८ का दिन गरिएको थियो जसअनुसार कसैलाई पूर्वमा र कसैलाई पश्चिममा निर्वासित गरियो त कसैलाई जरिवानाबाट मुक्त गराइयो । जरिवानाबाट मुक्त हुनेमा साहु दशरत्न पनि एक थिए ।

यसप्रकार किन्दोल विहारको बौद्ध धार्मिक गतिविधिमा संलग्न भएका एवं नभएका शिक्षित नवयुवकहरू यस पर्वबाट केही विचलित भए । त्यसताका एक समय किन्दोल विहार सुनसानै भए तैपनि लक्ष्मी नानी तुलाधरले एक्लै भए पनि विहारमा रही विहारको सुरक्षा गर्दै रहिन् । उनकै सल्लाह एवं सहयोगबाट श्रामणेर कर्मशील जो त्यसताका ध्यान भावनाको निमित फर्पिङ्गको बज्रयोगिनीस्थित सत्तलमा एकान्तवास गर्दै रहेका थिए त्यस खबरदेखि निर्भिक भई पुनः किन्दोल विहारमै निवास गर्न जानुभएको थियो । यहाँले धर्मप्रचारको कार्य यथावत गर्दैरहे ।

आडम्बर मत पर्वमा समाविष्ट हुनुभएका दशरत्न तुलाधरले मुद्दाको फैसलापश्चात् नेपालमा रहन चाहनुभएन अतः उहाँले श्रामणेर कर्मशील एवं अन्य केही व्यक्तिहरू (जसमा लक्ष्मी नानी तुलाधर पनि थिए) सित सरसल्लाह गरी केही समयको निमित्त विदेश भ्रमण गर्न जाने निश्चित गरे । उहाँहरूले आपसी सरसल्लाह गरी एक जमात हुँदै भारततिर प्रस्थान गरे । यसरी भारततिर लाग्नेमा श्रामणेर कर्मशील, दशरत्न तुलाधर, लक्ष्मीनानी, दानमाया, आरती, शीलप्रभा, लक्ष्मी नानी शाक्य, रामगोपाल, साँगे दोर्जे र उहाँको आमा, सुचिता र अनगारिका संघपाली थिए ।

उहाँहरू सबै कुशीनगर पुग्नुभयो र त्यहाँ भिक्षु अ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को दर्शन गर्नुभयो । कुशीनगरबाट उहाँहरू भिक्षु जिनानन्द ( मार्गदर्शकको रुपमा) का साथ सारनाथ, बुद्धगयाको दर्शन गरी कलकत्ता-चटगाउँ हुँदै बर्माको अराकानमा पुगे । तर आफ्नो देशबाट हजारौं मील टाढा, आफू अनभिज्ञ बर्मी भाषा, गृहस्थ भेषमा नै भिक्षाटन गरी खानुपर्ने आदि जस्ता स्थितिबाट लक्ष्मी नानी एवं अन्य गृहस्थ सहभागीहरूले अराकानमा रहन चाहेनन् । उनीहरू केही महिनापछि नै भारत फर्के ।

लक्ष्मीनानी तुलाधर भारतबाट नेपाल आई पूर्ववत् किन्दोल विहारमा रही धर्मचर्य्या गर्दै रहिन् । यसको दुई-अढाई वर्षपछि विसं १९९३ सालको माघ महिनामा उनी पनि कुशीनगर गई भिक्षु ऊ. कित्तिमा (सन् १९०३-८७) महा स्थविरको आचार्यत्वमा प्रवजित भई 'अनगारिका धर्मचारी' हुन पुगिन् ।

पहिले देखि नै निर्भिक, कुशल वक्ता ( धर्मोप्रदेशिका) भएको उनी अनगारिका भए पश्चात् त झन् ध्यान भावनामा पनि विशेष अभ्यस्त भएको कारण उनी किन्दोल विहारका अनगारिकाहरूका प्रमुख नायिका जस्तै भइन् । त्यसताका किन्दोल विहारमा स्थविरवाद बुद्ध धर्म प्रचारमा अगुवाई भिक्षु धर्मालोक र अनगारिका धर्मचारीले गर्दै आएका थिए । पछि उहाँहरू दुवै जनाले समयानुसार त्यहाँको घुलमिल वातावरण त्यागे ।



भिक्षु धर्मालोकले स्वयम्भूपर्वत दिनहुँ परिक्रमा गर्दै आएको फलस्वरुप एक दिन 'ख्वाउँबुंगा:' नामक स्थानको माथितिर अलि घना जङ्गल रहेको ठाउँमा समथर पार्न लागे । सो ठाउँमा उहाँलाई आनन्दको अनुभव हुनाको कारण पछि स्थायी रुपमा रहने प्रबन्ध गरे अनुरुप एउटा सानो कुटी (झोपडी) बाट सुरु गरिएको विहार नै 'आनन्दकुटी विहार'को रुपमा सिर्जना भयो । यसको निमित्त पछि उहाँलाई विशेष सहयोग भिक्षु अमृतानन्दले दिनुभएको थियो ।

अनगारिका धर्मचारीले पनि किन्दोल विहारको उत्तर (तल) तिर एउटा जग्गा किनी पर्खालले घेरी राखेकी थिइन् पछि त्यसै ठाउँमा उहाँको विशेष प्रयासबाट बुद्धको परिनिर्वाण मूर्ति र अनगारिका राम (उपासिकाराम) बनाइयो ।

अनगारिका धर्मचारीले 'आडम्बर मत पर्व' को बेला लक्ष्मी नानीको रुपबाट किन्दोल विहारको रक्षार्थ जस्तो सबलता, सशक्तता देखाएकी थिइन् त्यस्तै विसं २००१ सालको श्रावण महिनामा स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई देश निष्काशन गरिएको बेलामा पनि अन्य जेष्ठ अनगारिकाहरूसित मिली अनगारिकाहरूलाई पनि देश निष्काशन गर्ने हुकुम दिइराखेकोलाई सबै मिली श्री ३ जुद्ध शम्शेर समक्ष एक बिन्तिपत्र चढाएकी थिइन् । सो बिन्तिपत्रमा भिक्षु श्रामणेरहरू देशबाट निर्वासन भइसकेको र भिक्षुणी ( अनगारिका) हरू प्राय: वृद्धावस्थाका भइसकेका, रहन-सहन र भाषाको पनि अप्ठ्यारो हुने भएकोले विदेशिन समस्या हुने कुरा अवगत गराइएको थियो सो विन्तिपत्रलाई श्री ३ सरकारले स्वीकृति दिए । त्यसताका सक्रिय हुनुभएका अनगारिकाहरू निम्न थिए -

१) अनगारिका धर्मपाली
२) अनगारिका महानन्दी
३) अनगारिका आरती
४) अनगारिका विरती
५) अनगारिका धर्मचारी
६) अनगारिका शीलाचारी
७) अनगारिका विशाखा
८) अनगारिका संघमित्रा
९) अनगारिका खेमाचारी
१०) अनगारिका विवेकाचारी

विनीहरूमा विशेषत: अनागरिका धर्मचारी जो गृहस्थको बेलादेखि नै किन्दोल विहारमा रही धर्मचर्या गर्दै आइरहेकी थिइन् । त्यसपटक पनि भिक्षु श्रामणेरहरूको निष्कासनको कारण किन्दोल विहारको स्थिति सुनसान हुनाको कारण त्यहाँ बस्नुको सत्ता उपत्यका बाहिर गई धर्मप्रचार गर्न जाने हेतु केही अनगारिकाहरूका साथ नुवाकोट त्रिशुली गएकी थिइन् । त्यहाँ रही सन्तोषजनक रुपमा धर्मप्रचार गर्न नपाउँदै स्थविरवाद बुद्ध-धर्मका एक विरोधीको चुक्लीबाट श्री ३ सरकारले अनगारिकाहरूलाई पनि छोडेनन् । त्रिशुलीदेखि उनीहरूलाई पक्रेर ल्याई हनुमानढोका (कालभैरव) अगाडिको जेलमा केरफेर गरी छोडिदिए ।

पछि भिक्षु अमृतानन्दको विशेष प्रयासले श्रीलङ्काबाट भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) को नेतृत्वमा आएको शिष्टमण्डलले विसं २००३ को वैशाखको सुरुमा श्री ३ पद्म शम्शेरसित भेटवार्ता गरिसकेपछि निष्कासित भिक्षु-श्रामणेरहरू स्वदेश फर्कन पाउने प्रमाङ्गी प्राप्त गरेपश्चात् पुन: किन्दोल विहार एवं आनन्दकुटी विहारको चहल-पहलमा वृद्धि हुँदै आयो ।

अनगारिका धर्मचारीले पनि यसको केही वर्षपछि कुशीनगरमा रहेको बुद्धको परिनिर्वाण मूर्ति जस्तै एक संवेजनीय बुद्धको परिनिर्वाण मूर्ति प्रतिष्ठा गर्ने हेतु धेरै ज्यामीहरू लगाई चोभार डाँडाबाट एक ठूलो लामो ढुङ्गा किन्दोलमा पुऱ्याइएको थियो ।

ती ढुङ्गालाई उचित स्थानमा राखी पाटन भिंछे बहालका बुद्धराज र पञ्चराज नामका दुईजना कलाकारले बुद्धको परिनिर्वाण मूर्ति विसं २००५ सालको पुस (८ पोहेंलाथ्व १०६८ नेसं) देखि निर्माण कार्य सुरु गरिएको थियो । सो मूर्ति पूर्णरुपमा तयार भइसकेपछि विसं २००६ सालको आश्विन पूर्णिमाको दिन स्थायी रुपमा आसनमा राखिसकेपछि कुशीनगरमा जस्तै मन्दिरको पनि निर्माण कार्य सुरु गरिएको थियो ।

बुद्ध परिनिर्वाण मूर्तिको सो मन्दिर पूर्ण तयार भइसकेपछि त्यसको समुद्घाटन भव्य रुपमा बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरको अस्थिधातु नेपाल ल्याइएको बेला १४ नवम्बर १९५१ अर्थात् २८ कार्तिक २००८ का दिन तत्कालीन युवराजधिराज श्री ५ महेन्द्र वीरविक्रम शाहदेवको तर्फबाट संस्थापन सुसम्पन्न भएको थियो ।

बुद्धको निर्वाणमूर्ति र मन्दिरको उद्घाटन सुसम्पन्न भएको एक दसकपछि अनगारिका धर्मचारीले विशेषत: अनगारिकाहरू र अतिथिहरूको निमित्त अति उपयुक्त हुने हेतु एक अनगारिकाराम वा उपासिकाराम निर्माण गर्ने सदिच्छा राख्नुभयो । यसको निमित्त धेरै पटक बैठक बसी विसं २०२० सालदेखि निर्माण कार्य सुरु गरियो ।

तर, अर्थाभावको कारण त्यस कार्यमा समस्या आइ नै रह्यो । यसको निमित्त पनि धेरै पटक बैठक बस्यो र बल्ल सबै श्रद्धालु महानुभावहरू र प्रतिष्ठित व्यक्तिहरूका अनुकम्पाबाट विसं २०२६ सालमा उपासिकारामको पूर्ण तयारीपश्चात् एक बैठक बसी अनगारिका धर्मचारीलाई सो उपासिकारामको 'संस्थापक' को रुपमा नियुक्त गरियो । अफशोच ! यस अनगारिकाराम वा उपासिकारामपूर्ण रुपमा निर्माण भएको एक दसक नहुँदै अनगारिका धर्मचारीले आफ्नो गृहस्थको बेलादेखि क्रान्तिकारी रुपमा बेजोड धार्मिक गतिविधिमा संलग्न हुँदै आएको अनुकरणीय जीवन २३ पुस २०३४ का दिन सदाको निमित्त अन्त गर्नुभयो ।

२४ पुस २०३४ का दिन उहाँको शवयात्रामा सकल भिक्षु-संघ, अनगारिकाहरू एवं सयौं उपासकोपासिकाहरूको सामु संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर (विसं १९५७-२०४९) ले उहाँको देनको बारेमा बोल्नुहुँदै सबैले अनित्यताको बोध गर्नुपर्ने उपदेश दिनुभएको थियो ।

# जुत्तामा बुद्धको तस्वीर राख्नु सर्वथा गलत



✦ विष्णुगोपाल कुसी

संसार वर्गमा विभाजित छ । कहिले व्यक्तिको बद्नाम गरेर आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्छन् त कहिले धर्मको नाउँमा शोषण गरेर फाइदा लुट्छन् । कहिले झूट या भ्रमको खेती गरेर जनतालाई अन्योलमा पार्छन् त कहिले व्यक्तिलाई गलत ढङ्गले प्रयोग गरी अकुत सम्पति कमाउँछन् । अहिले बुद्धको तस्वीर अङ्कित जुत्ता उत्पादन गर्नु पनि त्यसकै सिलसिला हो । कहिले महामानव बुद्धलाई भारतको नागरिक भएको बताए त कहिले बुद्धका ठूलठूला ऐतिहासिक र पुरातात्त्विक महत्त्वका मूर्तिहरू तोडफोड गरेर विवेकशून्य काम गरे । यथार्थमा यी सबै क्रियाकलापहरू भ्रष्ट मनसायले नै भएका हुन् । तर कसैको दर्शन, विचार र व्यक्तित्वको महानतालाई ढाक्ने प्रयास गर्नु र भ्रममा पार्नु सूर्यको किरणलाई थुकेर निभाउने दुस्प्रयासमात्र हुनेछ ।

बुद्धको तस्वीर अङ्कित जुत्ता चाहे कुनै कम्पनीले उत्पादन गरेको होस् या कसैले सोखका निम्ति त्यस्तो जुत्ता तयार गरेर फेसबुकमा राखेको किन नहोस् त्यो काम पक्कै राम्रो होइन । यसबारे सरोकारवाला निकायले सरकारको ध्यानाकर्षण गरिसकेका छन् । यसबारे सरकारले सत्य तथ्य बाहिर ल्याउनुपर्छ । सरकारले यथार्थ के हो सार्वजनिक गर्नुपर्छ ।

प्रचारमा आएझैं एक अमेरिकी जुत्ता कम्पनीले तयार गरेको हो कि कसैले विश्वमा हङ्गामा मच्चाउन फेसबुकमा मात्र राखेको हो ? यसबारे सरकार अहिलेसम्म किन मौन ? सरकारले कूटनीतिक उपायबाट समस्या समाधान गर्ने प्रयास किन गरेन ? जनतामा भइरहेको अन्योल स्पष्ट पार्न र आक्रोश सेलाउन के यथार्थ सार्वजनिक गर्नुपर्ने होइन ? के प्रमको फोटो अङ्कित जुत्ता उत्पादन गरेपछि मात्र चासो राख्ने र चिन्ता लिने ?

बुद्धको तस्वीर अङ्कित जुत्ता सार्वजनिक भएको महिनौं भइसकेको छ । एकपछि अर्को त्यसको विरोध भइरहेको छ । तर पनि सरकारले किन निकासका लागि पहल गर्दैन ? सञ्चारमाध्यममा सार्वजनिक भएझैं संयुक्त राज्य अमेरिकाको जुत्ता उत्पादक कम्पनी आइकन शु डिजाइनले उत्पादन गरेको जुत्तामा बुद्धको तस्वीर राख्नु सर्वथा गलत हो ।

जुत्तामा बुद्धको तस्वीर राख्नु महामानव, राष्ट्रिय विभूति, शान्तिकामी बुद्धको मात्र होइन नेपाल र नेपाली जनताकै अपमान हो । यो जुत्ता कम्पनीको मात्र होइन संयुक्त राज्य अमेरिकी सरकारकै मनपरीतन्त्रको ज्वलन्त उदाहरण हो, अतिवादिताको उदाहरण हो । यो कुनै हालतमा असल नियत र विचारले भएको मान्न सकिंदैन । विश्वमा शान्तिको सन्देश छर्ने शान्तिकामी, मार्गनिर्देश गर्ने पथप्रदर्शक र विश्वका पूज्य बुद्धको वाणीलाई शिरमा राखेर सम्मान गर्नुपर्नेमा उल्टो पाउमा राखेर अपमान गर्नु कसैको निम्ति सह्य हुनेछैन । यो बुद्धको व्यक्तित्वमाथि लात मार्नु हो ।

जुत्तामा कुनै पनि लोकप्रिय, ख्यातिप्राप्त व्यक्तित्व, नेता र वैज्ञानिकहरूको तस्वीर अङ्कित गरेर सम्मान हुने होइन, मान प्रतिष्ठा बढ्ने होइन, मान प्रतिष्ठा र इज्जत बढ्ने हिसाबले राखेको हो भने जुत्तामा संयुक्त राष्ट्रसङ्घका महासचिव बान की मून र अमेरिकी राष्ट्रपति ओबामाको फोटो राख्दा हुन्छ नि । बुद्धलाई मानकै निम्ति राख्ने हो

भने नेपाल र नेपाली जनताको अनुमतिमा अमेरिकी सरकारले आफ्नो नोट र टिकटमा राख्ने हो कि ?

बुद्धको तस्वीर अङ्कित जुत्ता उत्पादन गरे पनि हामी चुप लागेर बस्यौं भने त्यस्तै अर्को जुत्ता कम्पनीले उत्पादित जुत्तामा नेपालको झण्डा राख्न सकिनेछ, लुम्बिनीको स्तम्भ राख्न सकिनेछ । पछि नेपालकै कुनै प्रधानमन्त्री र राष्ट्रपतिको फोटो राख्न सकिनेछ । यसकारण गलत नियतले गरेको कुनै पनि काम र विचारको विरोध गर्नैपर्छ, समयमै खबरदारी गर्नुपर्छ । यसबारे नेपाल सरकार सचेत हुनुपर्छ । नेपाल सरकारले कूटनीतिक ढङ्गबाट




अमेरिकी सरकार र जुत्ता कम्पनीसँग वार्ता या कुराकानीमार्फत् हल गर्ने प्रयास गर्नुपर्छ ।

बुद्धको तस्वीर अङ्कित जुत्ता नेपाललगायत कुनै देशमा बिक्री वितरण भइरहेको छ भने तत् तत् देशका सरकारहरूले त्यो जुत्ता बिक्री वितरण गर्न रोक लगाउनुपर्छ, बजारमा ल्याइसकेको जुत्ता जफत गर्नुपर्छ । उत्पादित जुत्ता कम्पनीले पनि त्यो जुत्ता उत्पादन गर्न रोक्नुपर्छ । देश देशमा जुत्ता पुऱ्याइएको छ भने त्यो फिर्ता लिनुपर्छ । अपमानको निम्ति कसैले फेसबुकमा मात्र राखेको हो भने त्यसको खोजीनीति गर्नुपर्छ र सम्बन्धित सरकारको ध्यानाकर्षण गरेर रोक्न लगाइनुपर्छ ।

विश्वमा शक्ति प्रदर्शन गर्दै आएको संयुक्त राज्य अमेरिकाले अब शक्ति प्रदर्शनमात्र होइन एक शान्तिका अग्रदूतको व्यक्तित्वमाथि लात मार्ने काम गरेको छ । नि:शस्त्रीकरण र शान्तिको भजन गाउने अमेरिकाले अरु देशमा मात्र होइन नेपाली जनताको भावनामा ठेस पुऱ्याउने काम गरेको छ । नेपाली जनता र विश्वका शान्तिप्रेमी जनतालाई आक्रोशित बनाइएको छ ।

यसले अमेरिकी सरकार कति क्रूर र निर्दयी छ भन्ने देखाउँछ । यो अमेरिकी सरकार र जुत्ता कम्पनीको भ्रष्ट मनसाय नै हो । यदि होइन भने अमेरिकी सरकारले उक्त जुत्ता कम्पनीको जुत्ता उत्पादन रोक्नुपर्छ ।

नेपाली र शान्तिप्रेमी जनताको भावना र मर्म बुझेर त्यस कम्पनीलाई अमेरिकी सरकारले कालोसूचीमा राख्नुपर्छ, हर्जनास्वरुप क्षतिपूर्ति लिनुपर्छ, सजायस्वरुप केही वर्षको लागि जुत्ता उत्पादनमै प्रतिबन्ध गर्नुपर्छ ।

ढिलो चाँडो विश्वका जनसमुदायले अमेरिकी उक्त जुत्ता कम्पनी र अमेरिकी सरकारको विरोध गर्नेछन्, गरिरहनेछन् । यो क्रम बुद्धको तस्वीर अङ्कित जुत्ता उत्पादन बन्द नभएसम्म चलिरहनेछ । अहिले ज्ञापनपत्र, विरोध वक्तव्य, धर्ना र विरोध सभामा सीमित यो कार्यक्रम अभियानको रुपमा सुरु हुनेछ । एक कान दुई कान मैदान हुँदै जुत्ता कम्पनीको विरोधमा विश्वभर प्रदर्शन हुनेछ ।

विश्व शान्तिका अग्रदूत गौतम बुद्ध तथा विश्वका शान्तिकामी जनताको आस्थामा ठेस पुऱ्याउने गरी अमेरिकी जुत्ता कम्पनी आइकनले जुत्ता उत्पादन गरेको विरोधमा आयोजित यस विरोध सभामा ऐक्यबद्धता जनाउन चाहन्छ ।

*(बौद्ध दर्शन अध्ययन समाज भक्तपुरद्वारा २०६९ भाद्र २८ गते धर्म कीर्ति विहारमा आयोजित विरोधसभामा व्यक्त मन्तव्य - सम्पादक)*

# 'युवाहरुको व्यक्तित्व विकासका लागि बुद्धधर्म'

✦ सँचित बुद्धचार्य, मैयेत्र युवा संघ, भक्तपुर

युवावस्था हरेक व्यक्तिको जीवनको एक महत्त्वपूर्ण अवस्था हो । यस अवस्थामा मानिसहरू शारीरिक र मानसिक रुपमा स्वस्थ हुने भएकोले हरेक कामहरू सहज रुपमा गर्नसक्ने हुन्छ । युवा अवस्थामा नै हामी आफ्नो व्यक्तित्व विकासमा लाग्छौं, भविष्य निर्माणतर्फ लाग्छौं र आफ्नो सपनाहरू साकार पार्नतर्फ लाग्दछौं । त्यसैले युवावस्था हाम्रो जीवनको यस्तो अवस्था हो, जसले हाम्रो भविष्य निर्धारण गर्दछ ।त्यसैले यस युवावस्थालाई हामीले खेर फाल्यौं वा कुसंगतमा लागेर वा अकुशल कार्यहरू गरेर यसलाई बिगार्यौं भने बाँकी सारा भविष्य नै अन्धकारमय हुनसक्दछ ।

सामान्यत धर्मकर्म भनेको जीवनको उत्तरार्द्धमा मात्र गर्ने कुरा हो भन्ने मानिसहरूको मानसिकता रहेको छ । तर राम्ररी विचार गरेर हेर्ने हो भने युवावस्थामा धर्म झनै बढी आवश्यक रहेको छ । युवावस्था सफल भएमा मात्र सारा जीवन सफल हुनसक्दछ, त्यसैले युवावस्थामा धर्म झनै महत्त्वपूर्ण छ ।

सामान्यत: धर्म भनेको अर्को जन्मको लागि गर्ने हो भनेर जीवनको उत्तरार्द्धमा मात्र धर्मकर्म गर्ने गरेको पाइन्छ, तर भगवान गौतम बुद्धका अनुसार धर्म यहींको यहीं फल प्राप्त गर्ने (सन्दिटिठ्को) र समय नबित्दै फल दिने (अकालिको) भएकोले वर्तमान अवस्था सफल बनाउन र यही जीवनको लागि भएकोले युवावस्थादेखि नै धर्मको अभ्यास आवश्यक छ । सही धर्मको जानकारीले मात्रै सुन्दर भविष्यको मार्ग निर्देशन गर्नसक्ने भएकोले युवावस्थामा गरिने जीवनका महत्त्वपूर्ण निर्णयहरू लिनका लागि धर्मको युवाअवस्थामा झनै आवश्यकता रहेको छ । वृद्धावस्थामा शक्ति कमजोर हुने र विभिन्न रोगव्याधिका कारणले धर्म गर्ने इच्छा भए तापनि गर्न नसकिने स्थिति भएकोले पछि पश्चाताप गर्न नपर्ने गरी युवावस्थामा नै धर्मको अभ्यास गर्नु आवश्यक छ भन्न सकिन्छ ।

युवावस्थामा विशेष रुपमा आउने चञ्चलपन, अभिमान र विभिन्न प्रकारको मद-मन्त्रवका कारणले विभिन्न प्रकारका अकुशल कार्यहरू हुनसक्ने सम्भावना बढिरहेको छ । त्यसैले यसलाई अनुशासित गर्नका लागि पनि धर्म अति आवश्यक छ । यदि यसलाई पहिल्यै अनुशासित गर्नसकेनौं भने युवावस्थामा यस्ता गन्हौं संस्कारहरू पनि बन्न (गर्न) सक्दछन् जसको फलस्वरुप पछि आफूले चाहेर पनि कुशल कर्महरू गर्न नसक्ने हुन्छन् ।

युवावस्थामा मानिसहरू विभिन्न व्यक्तिहरूसँग संगत गर्दछन्, विभिन्न क्षेत्रमा लाग्दछन् । त्यसैले यस अवस्थामा नराम्रो संगतमा फस्न सक्ने प्रचुर सम्भावना रहन्छ । भगवान बुद्धले पराभव सुत्रमा तीनवटा वस्तुहरूको नशाका बारेमा भन्नुभएको छ, ती हुन् : मादक पदार्थको नशा, जुवा-तास खेल्ने नशा र स्त्रीको नशा । राम्रो संगतमा लागेर युवावस्थामा यस्ता कुसंगतमा लाग्ने र त्यस्तै गरी धन कमाउने र मोजमस्तीमा लाग्नका लागि विभिन्न प्रकारका अनैतिक कार्यहरू जस्तै भ्रष्टाचार, लुटपाट, तस्करी, व्यभिचार, हिंसा, आतंक आदि मचाउने कार्यहरू हुनसक्दछन् । त्यसैले बेलैमा यस अवस्थामा आचरण शुद्ध गरेन भने, धर्मको अभ्यास गरेन भने त्यस्ता व्यक्तिको जीवन पतन हुनसक्दछ । धम्मपदको पण्डित वग्गोमा भगवान बुद्धको एउटा उपदेश गाथा यसरी उल्लेख गरिएको छ :

*न भजे पापके मित्ते, न भजे पुरिसाधम्मे ।*
*भजेथ मित्ते कल्याणे, भजेथ पुरिसुत्तमे ॥ (६/३)*

अर्थात्, पापी मित्र र अधर्मी पुरुषको संगत नगर, कल्याण मित्र र उत्तम पुरुषको संगत गर । युवावस्थामा आफ्नो कल्याण मित्र चिन्न सक्ने खुबी पनि हुनुपर्छ ।

युवावस्था एक सङ्घर्षमय अवस्था पनि हो । शिक्षा आर्जन गर्नका लागि गर्नुपर्ने संघर्ष, आर्थिक उपार्जन गरेर समाजमा प्रतिष्ठित हुनका लागि विभिन्न प्रयासहरू गर्नुपर्ने भएकोले विभिन्न प्रकारका समस्याहरूको सामना पनि यस अवस्थामा गर्नुपर्ने हुन्छ । त्यसैले यसबाट आउने निराशापन र संघर्षलाई सहज रुपमा स्वीकार गर्नका लागि पनि धर्मको अभ्यास आवश्यक छ । भगवान बुद्धले जीवनको प्रथम वैंशमा नै धर्मको अभ्यास गर्नुपर्ने उपदेशहरू दिनुभएको छ । समय बित्दै गएपछि धर्मको अभ्यास गर्न नसकिने र अभ्यास सार्थक नहुने कुरा पनि उहाँले भन्नुभएको छ । जस्तो - बुद्धकालीन बनारसका एक महाजनका छोरा युवावस्थामा मोजमज्जामा मात्र जीवन बिताए र पछि जीवनको उत्तरार्द्धमा मागेर खानुपर्ने अवस्था आएका एक जोडी श्रीमान-श्रीमतीका बारेमा भगवान बुद्धले भन्नुभएको छ, 'यदि उनीहरू युवावस्थाको प्रथम, द्वितीय वा तृतीय वैंशमा धार्मिक भएर आफ्नो कर्तव्य निभाएका भए क्रमश: प्रथम महासेठ, द्वितीय महासेठ र तृतीय महासेठ हुने थियो । यदि ब्रम्हचर्य पालन गरेर बसेको भए क्रमश: अर्हत, अनागामी वा सकृदागामी हुने थियो । तर युवावस्थामा धर्मको अनभिज्ञताका कारण बनारसको सडकमा फ्याँकिएका जुठो खानेकुराहरू खानुपर्ने स्थिति सृजना भयो । भगवान बुद्धको यस कथन मनन गर्न योग्य छ । यस कथनबाट के सिद्ध हुन्छ भने धर्म भनेको जति सक्यो त्यति चाँडो गर्‍यो भने लाभदायक हुन्छ ।

भगवान बुद्धले दिनुभएको शिक्षाहरू हर समय कल्याणकारी रहेका हुन्छन् । उहाँको शिक्षाहरूमा मनलाई प्रधानता दिएर उपदेशहरू दिइएको पाइन्छ । धम्मपदको यमक वग्गोको सुरुमै यसरी उल्लेख गरिएको छ -

मनोपुब्बङ्गमा धम्मा - मनोसेठ्ठा मनोमया ।
मनसा चे पदुट्ठेन - भासति वा करोतिं वा ॥
ततो नं दुक्खमन्वेति - चक्कं' व वहतो पदं ॥।(१/१)

अर्थात्, मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु र मन नै मुख्य भएर जतातत‍ै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्‍यो भने बयलको पछि पछि गाडाको पांग्रा आएझैं दु:ख पछि पछि लागेर आउँछ ।

यसबाट के स्पष्ट हुन्छ भने हामीले पहिले हाम्रो मनलाई सफा (स्वच्छ) राख्नुपर्छ । जुनसुकै काम गर्दा पहिले मनमा विकारहरू उत्पन्न भएका त छैनन् भनेर मनलाई जाँचेर हेर्नुपर्दछ । युवावस्था भनेको यस्तो अवस्था हो जुन अवस्थामा मानिसहरू आफ्नो मनको गुलाम हुन्छन् र जोशमा होश गुमाउन सक्ने धेरै सम्भावना हुन्छ । त्यसैले यस्तो अवस्था आउन नदिन हरेक कामहरू गर्दाखेरि पहिले आफ्नो मनलाई जाँचेर हेर्ने स्वभाव विकास गर्न सक्नुपर्छ । अनि मात्रै यस अवस्थामा हामीले होश राखेर कामहरू गर्नसक्छौं र होशमा रहेर काम गर्दा मात्र काममा सफलता तथा सन्तुष्टी र खुसी पनि अवश्य मिल्छ ।

धर्म भनेको केवल किताबी ज्ञान होइन । धर्म भनेको त शुद्ध आचरण हो । धर्मको सैद्धान्तिक पक्षलाई थाहा पाइसकेपछि शील, समाधि, प्रज्ञा प्राप्तिका लागि निरन्तर लाग्नु नै धर्मको अभ्यास हो । धर्मको अभ्यास गरेर नै युवावस्थामा हामीले धर्मको बाटो बनाउन सक्छौं । यदि यसो गरिएन भने पक्कै पनि हाम्रो भविष्य अन्धकारमय हुनेछ । त्यसैले युवावस्थामा सहज जीवन बिताएर यस अवस्थालाई अधिकतम सदुपयोग गर्नका लागि धर्म पालन पूर्ण रुपले गर्नु आवश्यक छ । धर्म राम्ररी पालन गर्नका लागि धर्मको जानकारी लिन परियत्तिको अध्ययन, त्यसलाई अभ्यास र जीवन पूर्ण रुपले सुरक्षित गर्नका लागि चित्तको क्लेशहरू क्रमश: नास गरेर धर्मलाई अभ्यास गरेमा व्यक्तित्व विकास हुने, शुद्ध आचरणीय हुने भएकोले सबैको प्रिय हुने एवं युवाहरू देशका कर्णधार तथा एउटा बलियो खम्बा भएकाले देशले पनि एक असल नागरिक पाउनेछ र सबै युवाहरूले धर्मको अभ्यास गरेमा देशमा सुख-शान्ति छाएर देश विकास हुने सुनिश्चित छ ।

**भवतु सब्ब मंगलं ॥**

# करुणा मैत्रीलाई दृढ पार्ने साधना

✦ लक्ष्मीचन्द्र बज्राचार्य

## भूमिका

सबै प्राणीप्रति दयाभाव राख्नु नै करुणा भावना हो । यो भावना गरेपछि मनमा भएको हिंसा भाव अथवा अरुलाई पिडा दिने भावना छुटेर जान्छ । करुणा भनेको क्रोधको प्रतिपक्षी शब्द हो । क्रोध चरित्र भएको व्यक्तिले मैत्री पछि करुणा भावना गर्नुपर्छ ।

## मैत्री र करुणाको सम्बन्ध

द्वेष चरित्र भएको व्यक्तिलाई मैत्री भावना र क्रोध चरित्र भएको व्यक्तिलाई माथि उल्लेख गरेझैं करुणा भावना आवश्यक छ । मैत्री भावना गरेपछि यसलाई अझ गाढा पार्न अथवा सबल तुल्याउन करुणा भावना गर्नुपर्छ । कुनै व्यक्तिप्रति मैत्री भाव राखेको छ भने उसप्रति करुणा भाव राख्न सजिलो हुन्छ । त्यसैले मैत्री र करुणाबीच एक आपसमा सम्बन्ध छ ।

चतुब्रम्ह विहार भावनामा मैत्री भावना पछि करुणा भावना गरिन्छ । क्रोधी मनमा करुणा भावना हुन मुश्किल हुन्छ । क्रोध चरित्र भएको व्यक्तिले अरुलाई त हानी गर्छ नै आफूलाई पनि हानी हुन्छ । अक्रोधी मन भएका व्यक्तिले आफूलाई पनि अरुलाई पनि कल्याण गर्छ ।

## सिरिमाको क्रोध र उत्तराको करूणा

क्रोधलाई क्रोधले समाप्त पार्न सकिंदैन । करुणा भावना सक्रिय भयो भने आफ्नो क्रोध भावना त कम हुन्छ नै अरुको क्रोधलाई पनि शान्त पार्न सकिन्छ । उत्तरा उपासिका सिद्धार्थ गौतम बुद्धको समयमा ध्यानी उपासिकाहरू मध्ये अग्रस्थानमा थिइन् । एकपटक उत्तराले पन्ध्रदिने उपोसथ ब्रतमा बस्न लोग्नेसँग अनुमति मागिन् । आफूलाई सहयोग गर्ने सेविका व्यवस्था भएमा हुन्छ भनी लोग्नेले उत्तरालाई अनुमति दिए । अत: उनले उक्त दिनका लागि लोग्नेको सहयोगका लागि पन्ध्रहजार कार्षापण दिएर सिरिमा भन्ने एक केटीलाई लोग्नेको सहयोगको लागि राखेर आफू उक्त उपोसथमा सहभागी भइन् ।

आफ्नो उपोसथ ब्रतको समापनको दिनमा भिक्षुसंघलाई दानप्रदान गर्ने कार्यमा व्यस्त उत्तरालाई अलि टाढाबाट उनको लोग्नेले हेर्दै थिए । अचानक उनको आँखा आफ्नो लोग्ने भएको ठाउँमा पुग्दा दुवैको आँखा जुधे र स्वाभाविक रुपले मुस्कान आदानप्रदान भयो । सेवाको लागि नजिकै बसिरहेकी सिरिमालाई रिस उठ्यो । क्रोधले ग्रस्त भएर चुल्होमा तताइरहेको तेल लगेर उत्तराको शरीरमा खन्याइदिइन् । तर मैत्री भावनामा प्रवल उत्तरालाई त्यसको केही असर भएन भनिन्छ । पछि सिरिमालाई पश्चाताप भएछ । उनले उत्तरासँग माफी मागिन् । उत्तराको चित्तमा उ प्रति असीम करुणा जाग्यो र उनलाई बुद्धको शरणमा लाने विचार गरेर राजगृहको वेणुवनमा भिक्षुसंघको अगाडि सिरिमालाई आफूसँगै बस्न लगाए । उनले बुद्धको सामु आफ्नो दुश्कर्मको निम्ति क्षमा मागिन् । उनलाई सम्झाउँदै बुद्धले भन्नुभयो -

*अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।*
*जिने कदरियं दानेन, सच्चेन अलिकवादिन ॥*

अर्थात् : अक्रोधले क्रोधलाई जित्नुपर्छ । खराब कर्म गर्नेलाई असल कर्म गरेर जित्नुपर्छ । कन्जुसलाई

करुणा भावनालाई शाक्यमुनि गौतम बुद्धले पनि धेरै महत्व दिनु भएको छ। करुणा भावनाको महत्व दर्शाउँदै उहाँले भन्नुभएको थियो - 'राहुल, करुणा भावनाको अभ्यास गर। सबै प्राणी उपर दया राख। करुणा भावना गर्नाले चित्तमा हुने विहिंसा भाव छुटेर जान्छ।' करुणालाई महत्व दिनुभएको हुनाले बुद्धलाई महाकारुणिक पनि भनिन्छ। उहाँको हरेक बिहानको सुरुवात महाकरुणासमापत्ती ध्यानबाट हुन्थ्यो। एकदिन उहाँले करुणादृष्टि फैलाई आज कसलाई कल्याण गरुँ भनी सोच्दा म कुण्डलिलाई देख्नुभयो। अति कन्जुस बाबुका कारण रोगीबालक म कुण्डलि औषधि उपचारविना मृत्युसँग जुधिरहेका थिए।

---

दानद्वारा जित्नुपर्छ । झूटावादीलाई सत्यवादी भई जित्नुपर्छ ।

**करुणा भावनामा पञ्चशीलको स्थान**

मैत्री भावनामा झैं करुणामा पनि पञ्चशीलको अहम भूमिका हुन्छ । जस्तो कि प्राणीहिंसा नगर्ने शीलपालन गर्नाले प्राणी माथि प्रहार गरिंदैन । त्यस्तै चोरी नगर्ने शील पालन गर्नाले अरुको सम्पत्ति माथि हस्तक्षेप गरी पीडा दिने काम हुँदैन । व्यभिचार नगर्ने शील पालन गर्नाले स्त्रीपुरुष वा समान लिङ्गकै बीच पनि यौन दुर्व्यवहार गरी पीडा दिइँदैन । झूटो नबोल्ने शील पालन गर्नाले भए नभएको कुरा गरी अरुको चित्त दुखाउने कर्म हुँदैन । सुरापान नगर्ने शील पालन गर्नाले आफ्ना नातेदार साथीभाइहरूलाई अशान्त पारी कष्ट दिने काम हुँदैन । अत: करुणा भावनाको अभ्यास गर्नेले पञ्चशील अनिवार्य रुपले पालन गर्नुपर्दछ ।

**करुणा भावना विधि**

करुणा भावना गर्नेले सर्वप्रथम पञ्चशील पालन गर्नुपर्दछ । साथसाथै करुणारहित हुँदाको दोष र करुणा युक्त हुँदाको गुण बुझेर यस भावनाको आरम्भ गर्नुपर्छ । करुणा भावना निम्न उल्लेखित व्यक्तिहरूप्रति गर्नुपर्दछ ।

- जो अत्यन्त दु:खी, निर्धन र दयनीय अवस्थामा छन् ।
- जो हात, खुट्टा, आँखा, कानबाट केही गर्न सक्ने अवस्थामा छैनन् ।
- जो अनाथालयको शरणमा जान बाध्य छन् ।
- जो रोगादी दु:खका कारण चिल्लाइरहनुपर्ने अवस्थामा छन् ।

यसरी सुरुमा दु:खी व्यक्तिप्रति करुणा भावना गर्नुपर्छ । त्यसपछि क्रमश: प्रिय, मध्यस्थ र वैरी उपर करुणा भावना गर्नुपर्छ । यसमध्ये प्रिय व्यक्ति त प्रिय नै भयो । मध्यस्थ व्यक्ति पनि वैरीको स्तरमा हुँदैन ।

यस्तो व्यक्तिप्रति करुणा त भइरहन्छ नै । आफूमाथि वैरभाव राख्ने वैरीप्रति पनि करुणा भावना गर्नुपर्छ । त्यस्तो व्यक्ति निरोगी र आर्थिक रुपले सम्पन्न भए पनि संसार चक्रबाट मुक्त हुन नसकेको अवस्था छ भने त्यसप्रति नै करुणा जगाएर यो भावनाको अभ्यास

गर्नुपर्छ । त्यसले गर्दा उसको निम्ति दु:ख मुक्तिको आशिका हुनुको साथै आफ्नो लागि पनि मार्गफल प्राप्तिको हेतु स्थापित हुनजान्छ ।

**करुणा चित्त हुने मान्छेको स्वभाव**

करुणा भावना गर्ने व्यक्तिमा क्रोध घट्दै जान्छ । क्रोध नभएपछि व्यक्ति शान्त, सुखी र सौम्य देखिन्छ । क्रोधका कारण शरीरमा उत्पन्न हुने रोगहरू निर्मुल हुन्छ । क्रोध नभएपछि परजनलाई पीडा हुने गरी व्यवहार गर्ने सोच समाप्त हुन्छ । यसले गर्दा परिवारमा, समाजमा शान्ति शालिनता स्थापित हुन्छ । करुणा भावना गर्ने व्यक्ति आफूलाई पनि मानसिक र शारीरिक स्वस्थता प्राप्त हुन्छ ।

**करुणा भावनामा हुनुपर्ने सतर्कता**

करुणा भावना गर्दा मैत्री भावनामा जस्तै समता भाव हुनुपर्छ । समता भाव नभएमा जसको लागि यो भावना गरिएको हो । त्यस व्यक्तिबाट आफूलाई नै पिडा हुन जान्छ । किनभने त्यस व्यक्तिलाई परेको दु:ख खप्न नसकेर आफै पनि दु:खमा डुबिन पुग्छ । अत: करुणा भावना गर्दा त्यस व्यक्ति र उनको अवस्थाप्रति समता भाव राख्नुपर्छ ।

करुणा भावना गरेको अवस्थामा सधैं कडा वचन, कठोर व्यवहार गर्नु नै हुँदैन भन्ने मान्यता हुनुहुँदैन । जसरी एक्लो सन्तानले कुनै गल्ती गर्दा उसको भविष्य नबिग्रियोस् भनी आमाबाबुले करुणा राखी उसलाई गालि गरिन्छ र कठोर व्यवहार गरिन्छ करुणा भावनाको अभ्यास गर्ने व्यक्तिले पनि सबैप्रति यस्तै व्यवहार गर्नुपर्छ । गाली गर्नुपर्ने समयमा घृणा भावना नराखी गाली गर्नुपर्छ ।

**महत्त्व**

करुणा भावनालाई शाक्यमुनि गौतम बुद्धले पनि धेरै महत्त्व दिनु भएको छ । करुणा भावनाको महत्त्व दर्शाउँदै उहाँले भन्नुभएको थियो – 'राहुल, करुणा भावनाको अभ्यास गर । सबै प्राणी उपर दया राख । करुणा भावना गर्नाले चित्तमा हुने विहिंसा भाव छुटेर जान्छ ।'

करुणालाई महत्त्व दिनुभएको हुनाले बुद्धलाई महाकारुणिक पनि भनिन्छ । उहाँको हरेक बिहानको सुरुवात महाकरुणासमापत्ती ध्यानबाट हुन्थ्यो । एकदिन उहाँले करुणादृष्टि फैलाई आज कसलाई कल्याण गरुँ भनी सोच्दा मट्टकुण्डलिलाई देख्नुभयो । अति कन्जुस बाबुका कारण रोगीबालक मट्टकुण्डलि औषधि उपचारविना मृत्युसँग जुधिरहेका थिए । आगन्तुक घर आउँदा सत्कारमा खर्च होला भनी उनलाई घरबाहिर दलानमा सुताइराखेको थियो ।

बुद्धले विचराको श्रद्धा आंकलन गर्दा बुद्धत्व प्राप्त व्यक्तिको दर्शनबाट उ लाभान्वित हुने थाहा पाउनुभयो र उ प्रति करुणा भाव राखी उहाँ उसको अगाडि पुग्नुभयो । बुद्धको दर्शनबाट रोगी मट्टकुण्डलिलाई आनन्द महसुस भयो र मनमनै उहाँलाई बन्दना गरे । जीवन यात्राको अन्तमा शान्त र आकर्षक व्यक्तिको दर्शनबाट उनको सुखद मृत्यु भयो ।

**अन्तमा**

करुणाको प्रभावले सिरिमा र मट्टकुण्डलि जस्ता कैयौं दु:खीजनहरूको उद्धार भएको छ । भूत, वर्तमान र भविष्यमा पनि उपकार, उद्धारको हेतु करुणा भावना नै हो । यही कारणले सिद्धार्थ गौतम बुद्धले आफूले बुझ्नु भएको सम्बोधी ज्ञान समस्त प्राणीको दु:ख मुक्तिको लागि प्रकाश गर्नुभएको हो । यस करुणाको सत्यताको प्रभावले सबैको मनमा धर्मचित्त उत्पन्न होस् ।

೧೧೧

दुश्शील र दुराचार भएर एकसय वर्ष बाँच्नुभन्दा सदाचार र भलादमी बनेर एकदिन बाँच्नु श्रेष्ठ छ ।

*गौतम बुद्ध*

# प्राकृतिक सम्पदा एवं पर्यावरण बुद्ध धर्म

✦ डि. आर. शाक्य 'ऋषि'

ब्रम्हाण्ड जगत्मा अनेकौं. ग्रह: उपग्रहहरू छन् । यी नै अनगिन्ति प्रकारका ग्रह: उपग्रहहरूमा पृथ्वी पनि एउटा ग्रह: हो । वैज्ञानिकहरूको भनाइअनुसार भण्डै चार अरब वर्ष पहिले सून्य ब्रम्हाण्डमा एउटा भूमरीजस्तो विशाल आकारको गोलो फनफनति घुमिरहे छ । त्यहीं गोलो आकारको अत्यन्त विशाल भूमरीबाट जाज्वल्यमान प्रकाश उत्पन्न भयो । अति तेजगतिको घुमाइले गर्दा भिषण ताप पनि बृद्धि हुन गयो । जसलाई सूर्य भनेर भनिरहेका छौं ।

यी नै सूर्य अति वेगवान रुपको घुमाइले गर्दा पछि त्यो सूर्य पनि टुक्रा टुक्रा हुन गयो । आखिर त्यो सूर्यको टुक्रा पनि सूर्यकै वरिपरि रहेर सूर्यलाई परिक्रमा गरी घुम्न थालियो । पछि यी नै सूर्यका टुक्राहरू गोलरुप धारण गरी नौ ग्रहको रुपमा परिचित गर्न लगाइयो । यी नै नौ ग्रहहरू मध्ये सूर्य पनि एउटा हो । यस पृथ्वीमा करोडौं करोड वर्ष पछि सूक्ष्म जीवात्माको स्वरुप (Micro Biological Creature) विस्तारै देखापर्न थालियो । त्यसमा पनि करोडौं करोड वर्षपछि उभयचर प्राणीको रुपमा विकास हुँदै गयो । एवं रीत विकासको क्रम सँगसँगै आजको पूर्ण मानिसको रुपमा विकास हुन सायद पन्ध्र बीस करोड वर्ष त लागि सक्यो होला ।

पृथ्वीको उत्पतिसँगसँगै मानिसको विकासमात्र होइन पृथ्वीमा अनेकौं अङ्ग प्रत्यङ्गको रुपमा हावा पानी अन्य प्रकारका जीव जीवात्माहरू पनि त्यतिकै विकास भएको छ । जहाँ एउटा पर्यावरणीय चक्रको रुपमा (Environmetal Cycle) पनि विकास भएको छ । वास्तवमा यिनै पर्यावरणभित्रका प्राणी जगतको लागि आहारविहारको बन्दोबस्त भएर मात्र पुग्दैन जस्तो लाग्छ । त्यसको लागि अवश्य पनि अनुकूल वातावरणको आवश्यकता पर्दछ । यदि कुनै पनि जीवन प्राणीको लागि वातावरण अनुकूल भएन भने एकछिनसम्म पनि त्यस ठाउँमा त्यस्ता प्रकारका जीव प्राणीहरू बस्न सक्दैन ।

कुनै एक कालखण्ड अर्थात् लाखौं वर्ष पहिले यो पृथ्वीमा त्यस्तै प्रकारका विशालकाय भएका जीव डाइनोसर नामका प्राणीसमेत नै पृथ्वीमा त्यस्तै प्रकारका प्रतिकूल वातावरण सिर्जना भई यिनै प्राणी लोप भएको कुरा मानिन्छ । त्यस्तै किसिमले अन्य प्राणी जगत एवं मनुष्यहरूलाई पनि बाँचिरहनको लागि त्यति कै वातावरण अनुकूल हुनु आवश्यक छ । त्यसको लागि अनुकूल वातावरणयुक्त अर्थात् मनुष्य प्राणी जगत बाच्न सक्ने एउटा दृष्टिगोचर ब्रम्हाण्ड जगतमा पृथ्वी एउटामात्र छ भन्ने कुरा वैज्ञानिकहरूको भनाइ हो । तर आज आएर यिनै विचारलाई नाघेर यो ब्रम्हाण्ड जगतमा अरु ग्रह तथा उपग्रहहरूमा पनि मनुष्य, जीव, प्राणी बस्नको लागि अनुकूल हुनसक्ने कुरामा खोज अन्वेषण भइरहेको नै छ ।

यहाँ जति पनि मनुष्य जीव प्राणीहरू उत्पति भयो । यिनै पृथ्वीमा नै उत्पादन भएको वस्तुहरूमा आश्रित भएर बाँचिरहेका छन् । त्यसैले मनुष्य, जीव, प्राणी जगतको जीवनको प्रमुख आधार स्वच्छ पानी, स्वच्छ हावा हो । यिनै कलकल.... बगिरहेको स्वच्छ पानी एवं नदिको

बहाव । स्वच्छ र शितल रुपले सरर..... चलिरहेको हावाका झोकाहरू र लतरम रुखमा फलिरहेका फलफूलहरू जमिनमूनि छुवाइरहेका कण्डमुल संजीवनीहरू । हराभरा धर्तीका सुनका गहना झैं फलिरहेको अन्नका लहराहरू कति मोहित छ प्रकृतिका यिनै सम्पदाहरू । प्राणी जगतको पालन पोषण गर्ने यो धर्ति आमा हो ।

यिनै आमाको काखमा कति ऋषिमुनि, ज्ञानीहरू जन्म एवं पालन पोषण भयो । त्यस्तै गरी बुद्धजस्तो महाज्ञान, महामुनि एवं शान्ति नायकको जन्म भयो । उहाँ बुद्धले त्यहीं एउटा जंगलको एउटा हराभरा रुखमुनि बसेर ध्यानगरी ज्ञानको साधना गरी सम्यक सम्बोधि लाभ गर्नुभयो भन्ने पञ्चभद्रीय ब्राम्हण भिक्षुहरूलाई पनि धर्मचक्र सुत्र देशना पनि त्यहीं हराभरा जंगल, त्यहीं हराभरा रुखमुनि बसेर गर्नुभयो' त्यस्तै गरी बुद्धले आफ्नो भौतिक शरीर एवं देह त्याग पनि त्यहीं रुख मुनि नै बसेर गर्नुभएको कुरा बौद्ध साहित्य एवं इतिहासमा उल्लेख भएको छ ।

साँच्चै भने हो भने बुद्धको जीवनकालमा धेरै जसो प्रकृतिको सुन्दर काखमा अर्थात् जंगलमा रुखमुनि बसेर खोला एवं नदीको किनारामा बसेर जीवन व्यतित गरेका कुराहरू बौद्ध (पालि) साहित्यमा उल्लेख भएको देखिन्छ । त्यसैले बुद्धलें भन्नुभएको थियो । प्राकृतिक सुन्दरता नै ज्ञानको साधन गर्ने अत्यन्त उपयुक्त स्थान हो त्यसैले बुद्धले प्रकृतिमाथि प्रेम ....युक्त रुपले गर्नुभयो । बुद्धको जन्मदेखि निर्वाणसम्म अर्थात् देह त्यागसम्म पनि त्यहीं जंगलमा भयो ।

त्यही रुखमुनि भयो । बुद्ध हुने सिद्धार्थको जन्म लुम्बिनी वनको सालवृक्षमुनि भयो । त्यस्तै उहाँ सिद्धार्थको बाल्य अवस्थामा दरबारका सम्पूर्ण आमत्य परिवारजनहरू खेतीमा व्यस्त भइरहेको बेलामा बालक सिद्धार्थ (शिशु अवस्था) जामुनको रुखमुनि बसेर आश्चर्य रुपमा ध्यान मुद्रामा बसेर आफ्नो शरीरका इन्द्रीयलाई लगाम कसेर चर्किलो घामको छायालाई नियन्त्रण गरी राख्न सकेको कुरा पनि बडा उत्सुकताको कुरा हो ।

त्यस्तै गरी उहाँले प्राणीमात्रको दु:ख अन्त्यको लागि ६ वर्षसम्मको खोज अन्वेषण एवं गयाको वरपिपलको रुखमुनि बसेर ज्ञान ध्यान गरी पछि सेनानी गाउँकी सुन्दरी कन्याको खीर भोजन गरी बोधी ज्ञान लाभ गर्नुभएको अर्थात् बुद्धत्व प्राप्त गर्नुभएको पनि रुखमुनि नै हो भन्ने पञ्चभद्रिय ब्राम्हण भिक्षुहरूलाई सारनाथको मृगदावनमा चतुआर्यसत्य, अनन्तलक्खन सुत्र (अनित्य, दु:ख, अनात्म ज्ञान) देशना गर्नुभएको पनि त्यहीं रुखमनि नै हो । त्यस्तै गरी मतिकन्याहा तिर्थङ्करहरू (लकिर फकिरहरू) लाई यमकप्रातिहार्य देखाउनुभएको आम्रवन (आँपको वन) मा हो । यसरी उहाँ बुद्ध तथागतले आफ्नो जीवनयापन एवं विहार गर्नुभएको वन, उप्पोवन, जंगल, रुखमुनि, कुटी एवं नदी खोलाको किनारमा बसेर व्यतित गर्नुभयो । आफ्नो शिष्यहरूलाई उपदेश सुनाउनुभयो । त्यसैले बुद्धले आफ्नो शिष्यहरूलाई रुखमुनि बसेर ज्ञान ध्यान गर तर प्रमादी हुनुहुन्न । आशक्ति (भुल्नु) बन्नु हुन्न भनेर बारम्बार भन्नुभएको कुरा मज्झिम निकाय 'माहागोसिंह सुत्रमा उल्लेख भएको छ ।

यसरी तथागत बुद्धको प्रकृतिमाथि असिम प्रेम भएको कारणले पारिलेय्यकवन, चालिय पर्वत, गृधकुट पर्वत, यष्टिवन उद्यान (वाटिका), ऋषिगिरी, वैभार, वैपुल्ल पर्वत, राजगृहीको धेरै स्थान र वैशालीको माहावन कूटागारशालामा विहार गर्नुभएको कुरा कसरी बिर्सन सकिन्छ र । यसरी बुद्धले विभिन्न वन, जंगल रुखमुनि, कुटी आदिमा बसेर विहार गर्नुभएको कुरा प्रकृतिको असिम मायाको कारणले मात्र होइन होला । त्यस वन जंगलमा अनेकौं जीव, जन्तु, पशुपन्छि आदि प्रति पनि असिम मैत्री, करुणा त्यतिकै भएको कुरा बुझ्न सकिन्छ । त्यसैकारण बुद्धले बोधिज्ञान लाभ पश्चात् पनि सातहप्तासम्म प्रकृतिको कृतज्ञ गुणको सुस्मरण गरिएको

क्रममा मुचलिन्द नाग:राजबाट वर्षादको अविरल पानीबाट जोगाउनुभएको कुरा पारिलेय्यक वनमा बर्षावास बस्नुभएको बेलामा हात्ती र बाँदरबाट आवश्यक सेवा गरेको आदि इत्यादि कुराहरू बुद्धमा भएको विशुद्ध मैत्री भावको कारणले नै हो भन्ने कुरा बुझ्न सकिन्छ । यदि बुंद्धसँग यसरी विशुद्ध मैत्री भाव नभइदिएको भए क्षणभर पनि बस्न मुस्किल हुन्छ होला । अत: एवं त्यहाँको जीवजन्तु एवं विशाक्त किराहरूबाट दु:ख दिन्छ ।

त्यसैकारण बुद्धका शुद्ध, पवित्र मैत्रीको बलबाट त्यस्तो पर्यावरणीय चक्रमा आनन्द सँग बस्नुभयो । त्यसैगरी मार सेनासहित गिरिमेखल हात्ती, नन्दो पनन्दो जस्ता क्रोधित्त नाग:जस्ता प्राणीहरू मनुष्य अमनुष्यहरूलाई समेत आफ्नो वसमा राख्न सफल भयो । यसरी नै बुद्धले ४५ वर्षसम्म बहुजन हित, बहुजन सुखको लागि धर्मचक्र एवं मानवतावादी शिक्षा सम्प्रेशन गर्दै अन्तिम आफ्नो उमेरको ८० वर्षमा भारतको कुसिनगरको दुईता साल बृक्षमुनि आफ्नो भौतिक देह त्याग गरी अनुपादिशेष निर्वाणमा पुग्नुभयो ।

यसरी बुद्धवाद वा बुद्ध धर्ममा प्राकृतिक सम्पदा वा पर्यावरणसम्बन्धी त्यति नै गहिरो सम्बन्ध भएको कुरा बौद्ध साहित्यमा उल्लेख भएको छ । यस्तो सुन्दर पर्यावरण वा वातावरणलाई आजको चरम भौतिक विज्ञानको विकास एवं वैज्ञानिक शस्त्रअस्त्रको परिक्षण वा युद्ध महायुद्ध भएर नष्ट हुँदै गएको छ भने कति त घनाबस्ती, उद्योग, कलकारखानाको धुँवा-धुलोबाट पनि नष्ट हुँदै गएको छ । अब यसको संरक्षणको एउटै मात्र उपाय छ । त्यो हो मानिसहरूको सही चेतनाबाट हुनेछ । धार्मिक चेतनाबाट हुनेछ अर्थात् प्रकृतिलाई केही हद भए पनि जीवन्तता दिन सकिन्छ ।

**भवन्तु सब्ब मंगलं ॥**


**नेपाल सम्वत् ११३३ तथा शुभ-दीपावलीको हार्दिक मंगलमय शुभकामना !**

आकर्षक सिलाइ तथा विभिन्न डिजाइनका जीन पाइन्टहरु चाहिएमा निम्न ठेगानामा सम्पर्क गर्नुहोला । यहाँको अडर बमोजिम तुरुन्त जीन पाइन्टहरु उपलबध हुनेछ ।

**प्रो. राजन श्रेष्ठ**

सूर्यविनायक गपली, भक्तपुर

मो. ९८१३९५३८१


- **दुश्शील र दुराचार भएर एकसय वर्ष बाँच्नुभन्दा सदाचार र भलादमी बनेर एकदिन बाँच्नु श्रेष्ठ छ ।**

- **जसले अन्धविश्वविश्वासलाई हटाइसकेको हुन्छ, असल र खराब कर्मको परिणामलाई अन्त गरि सकेको हुन्छ, सम्पूर्ण आशा, तृष्णालाई वमन गरिसकेको हुन्छ, नि:सन्देह त्यस्ता व्यक्ति नै सर्बोत्तम पुरुष हुन्छ ।**

*गौतम बुद्ध*

# वास्तविक धर्म के हो ?



✦ तुल्सीकाजी मानन्धर

विश्वमा जम्मा ३ हजार जति धर्महरू छन् । त्यसमा १० वटा प्रमुख छन् । हिन्दू, बौद्ध, मुस्लिम, इसाई, पारशी, सिख, जैन, सिन्तो, ताओ र कम्फुसियस छन् । सबै धर्मको आ-आफ्नो मान्यताअनुसार कला संस्कृतिहरू रहेका छन् । जसअनुसार प्रत्येक धर्मका आफ्नै चाँडपर्व पूजा पाठ र प्रार्थना हुन्छन् । निराहार व्रत बसि विभिन्न तरिकाले पूजापाठ आराधना गर्ने, यज्ञ होम गर्ने, अनेक पशु बली दिई पूजापाठ गर्ने गर्छन् । मन्दिर मन्दिरमा गएर आ-आफ्नो घर परिवारको मनोकांक्षा पूजा गर्न विभिन्न भाकलहरू पनि गर्दछन् ।

भाकल गर्ने क्रममा कसैको धन सम्पत्ति, कसैको सन्तान, कसैको मुद्दा मामिला जित्ने इच्छा, कसैको रोगादि निको पार्न आदि इच्छा एवं भाकलहरू गर्ने चलन अद्यापि गर्ने प्रवृत्ति छन् । हाम्रो देश नेपाल र छिमेकी देश भारतमा प्राय: यस किसिमको धर्म गर्ने परम्परा छन् ।

बुद्धकालीन समयमा पनि मानिसहरू दु:ख मुक्त हुने विश्वासमा अनेक किसिमले आफ्नो शरीरलाई कष्ट दिई धर्म गर्ने परम्परा थियो । सिद्धार्थ गौतम स्वयंले पनि यस्ता अनेक थरिका धर्मका रुपमा गरिदै आएको परम्परा गरेर हेर्नु भएको थियो । तर केही लाभ भएन अर्थात् सही दु:ख मुक्तिको बाटो रहेको थिएन । पछि विपस्सना ध्यानद्वारा ज्ञान प्राप्त गर्नुभएको थियो । त्यसबेला गाई जस्तै खाने, बस्ने, कराउने गौ व्रत र कुकुरजस्तै खाने बस्ने, सुत्ने र भुक्ने - 'कुकुर ब्रत' को चलन थियो ।

राजा महाराजा एवं सामन्तहरूले विभिन्न यज्ञ गर्ने क्रममा 'गो मेध' र अश्वमेध यज्ञ गर्ने चलन थियो । जसको पुण्यबाट विश्व सम्राट बन्ने आकांक्षाको विश्वास पनि गरिन्थ्यो । बुद्धले यस्ता प्रथाहरूको घोर विरोध गर्नुभयो र यस्ता मिथ्या धारणा पतनोमुखको बाटो हो समेत भन्नुभयो ।

अहिले पनि हामी कहाँ विभिन्न देवीदेवताहरूको पूजा, आराधना गर्दछन् । साथै नानाथरीका भजनकिर्तन पनि गर्दछन् । चाँडबाँडमा मन्दिरहरूमा निकै घुइँचो लाग्छन् । तर आ-आफ्नो घर परिवारमा सही व्यवहार, सही सुख शान्तिको वातावरण बनाएको भने त्यति पाउँदैन । धर्म भनेको कहीं कतै गएरभन्दा पनि आ-आफ्नो घर-घरबाटै नै सुरु गर्नुपर्छ । पछिमात्र मन्दिर, विहार, गुम्बा आदि ठाउँमा जानुपर्छ । जसबाट घरमा पनि शान्ति र मनमा पनि सुख शान्ति प्राप्त हुन्छ । धर्म भनेको देखावटीको लागि होइन, जनकल्याणको लागि हुनुपर्छ । बुढाबुढी, दिनदु:खीहरूको सक्दो सेवा गर्नु नै साँचैको मानव सेवा गर्नु हो ।

आजभोलि मानिसहरू नैतिक रुपले खस्किँदै गइरहेका छन् । नैतिक ह्रासका कारणले समाजमा विभिन्न विकृतिहरू देखापरेका छन् । यस्ता विकृतिहरूलाई हटाउनु अत्यावश्यक छ । नैतिक रुपले बलियो पार्न समाजमा विभिन्न रचनात्मक क्रियाकलापहरू गर्नुपर्छ । जस्तो हामीलाई कसैले नराम्रो व्यवहार गर्‍यो भन्ने हामी अप्रसन्न हुन्छौ वा हामीलाई मन पर्दैन, त्यस्तो व्यवहार हामीले पनि अरु कसैसँग गर्नुहुँदैन । हामीले अरुलाई राम्रो व्यवहार गरेमात्र अरुबाट पनि त्यस्तै व्यवहारको अपेक्षा हुन आउँछ ।

धर्मको बारेमा कुरा गर्दा प्रकृतिको नियमलाई जान्नुपर्छ । उदाहरणको लागि आगोको धर्म बल्नु (स्वभाव) हो । त्यस्तै आफूसँग जो जो सम्पर्कमा आउँछ त्यसलाई जलाई दिनु आगोको गुण (स्वभाव) हो । पानीको धर्म शीतल हुनु र आफूसँग जो जो सम्पर्कमा आउँछन्

त्यसलाई शीतलता प्रदान गर्नु हो । मानिसको स्वभावहरू पनि त्यस्तै हुन्छ ।

जब जब हाम्रो मनमा द्वेष वा दुर्भावना जाग्छ त्यसबेला गर्ने कार्यहरू सबै नराम्रो हुन्छ, त्यसबेला हाम्रो मन आकूल व्याकूल एवं अशान्त हुन्छ । त्यस्तो प्रक्रिया जुनसुकै धर्म मान्ने, चाहे त्यो हिन्दु, बौद्ध, मुस्लिम र इसाई आदि अफ धर्म नमान्ने जोसुकै नै किन नहोस् सबैलाई समान रुपले त्यही स्वभाव लागू हुन्छ । यसबाट स्पष्ट हुन्छ कि निरोगी र सुखी जीवनको लागि राम्रो सोच विचार र क्रियाकलाप हुनु अत्यावश्यक छ ।

धर्ममा कुशल र अकुशल दुईथरि हुन्छ । त्यस्तै पाप र पुण्य । राम्रो कर्म जति पुण्य हो भने नराम्रो कर्म जति पाप (अकुशल) हो । राम्रो नराम्रो कर्म र सोचविचारको भविष्यमा प्रतिफलस्वरुप कर्म विपाक भोग्न बाध्य हुन्छ । यो प्रकृतिको यथार्थ नियम वा कानुन हो । कुनै देशको कानुनले गल्ती गर्न सक्छन् तर प्रकृतिको कानुनले छोड्दैन । त्यसैले धर्म कुनै बयान या व्याख्या होइन, धारणा वा व्यवहारमा उतार्नु हो । 'धारेति धम्मो' धारणा गर्नु नै धर्म हो । मानिसहरू जन्म लिइसकेपछि क्रमशः बच्चा जवान, बुढाबुढी मृत्यु हुनुजस्ता स्वभाव धर्मलाई जानी समाजको लागि सकारात्मक कार्य गरेर जानु आवश्यक देखिन्छ ।

अन्तमा, पुनः एक पटक धर्म भनेको जुनसुकै रचनात्मक क्रियाकलाप गर्ने, दिनदुःखीहरूको सेवा गर्ने, अरुलाई दुःख नदिने, सबैसित राम्रो व्यवहार गर्ने, राम्रो आचरण गर्ने आदि हो । अन्य नानाथरिको कर्मकाण्ड गर्नेजस्तो यज्ञ, होम बलिपूजा, पूजापाठ, भजनकिर्तन, व्रत गर्नुमात्र धर्म होइन । आ-आफ्नो स्वार्थलाई त्याग गर्नसक्नु नै धर्म हो । न्याय, सेवा, पवित्रता, अनुशासन, दया, माया र करुणालाई उजागर गर्न सक्नु धर्म हो । यथार्थमा धर्म देखावटी होइन भित्र मनैदेखि नैतिक रुपले सही सकारात्मक सोच विचार वाला सही भई आचरण गर्नु नै सही धर्म हो ।

भवतु-सब्ब-मङ्गल ॥

००००



बौद्ध दर्शन अध्ययन समाज स्थापनार्थ सहयोग गर्नुहुने आदिपद्म महाविहारका भिक्षु रिचेन सिरफ (चैत्यरत्न शाक्य) को अल्पायुमै दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**बौद्ध दर्शन अध्ययन समाज**

परिवार, भक्तपुर



# मानव जीवनमा मैत्री महत्त्व

✦ ज्ञानबहादुर मानन्धर

मैत्री भनेको मित्रता (भित्रभाव) वा स्नेहभाव हो । चित्त नरम गर्नुका साथै सबै प्राणीहरूको हित, सुख र कल्याणको कामना गर्नु नै 'मैत्री' हो । जसरी आफूलाई दुःख मन पर्दैन त्यस्तै सम्पूर्ण सत्वप्राणीहरूलाई पनि दुःख मन पर्दैन सबैलाई सुख नै मनपर्ने भएकोले प्रत्येक्लाई आफूसमान थानी हित - सुखको कामना गर्नुलाई नै 'मैत्री' भनिन्छ । मैत्री भनेको द्वेष (क्रोध) को विपरीत स्वभाव हो । हाम्रो मनमा द्वेष (क्रोध) उत्पन्न भयो भने यसले मनलाई पोल्छ पीडा दिन्छ नै । यसले मनलाई कडा बनाउँछ । कडा स्वभाव भएको व्यक्ति अरुसँग मिलेर बस्न सक्दैनन् । मैत्री पूर्ण भयो भने मात्र मन नरम हुन्छ ।

मैत्री चित्त हुनेवालाहरू राम्ररी सुत्न सक्ने एवं उठ्न पनि सक्ने हुन्छन् ।'मैत्री चित्त हुने व्यक्तिलाई प्रत्येकले मन पराउँछन् । यिनीहरूको रुप राम्रो हुन्छ । यिनीहरूलाई देवताहरूले समेत रक्षा गर्छ । मैत्री चित्तको अभ्यास गर्नेहरूले मनपर्ने मन नपर्ने, शत्रु-मित्र, ठूलो-सानोको भेदभाव राख्दैनन् । यिनीहरूको स्वभाव नै सबैलाई समान व्यवहार गर्ने, समान आँखाले हेर्ने र सबैको हित सुखको कामना गर्ने हुन्छ । नराम्रो मानिसलाई पनि राम्रो आचरण सिकाएर राम्रो व्यवहारिक बनाउने काम मैत्री चित्त हुने व्यक्तिले गर्छन् । मैत्री युक्त व्यक्तिले मनले मात्र अरुको हित उपकारको कामना गर्ने नभई शरीर र वचनले पनि हित उपकार हुने काम गर्छन् । मैत्रीले चित्त शान्त र शीतल बनाउँछ । कुनै पनि व्यक्तिको नराम्रो पक्षलाई भन्दा राम्रो पक्षलाई हेर्ने प्रकृति मैत्री चित्त हुनेवालाको हुन्छ । मैत्री युक्त व्यक्तिको चित्त छिट्टै एकाग्र हुन सक्छन् । मैत्री पूर्ण व्यक्तिको होसपूर्ण मरण हुन्छ । मरणपछि पनि यिनीहरू राम्रो कुलमा पुनर्जन्म हुन्छ भने विश्वास छ । मैत्री तीन प्रकारका छन् । ती हुन् -

**१) कायिक मैत्री** - अर्काको राम्रो होस्, कल्याण होस्, सुख होस् भनी अरुको हितको कामना गरी शरीरले मद्दत गर्नुलाई 'कायिक मैत्री' भनिन्छ ।

**२) वाचसिक मैत्री** - अर्काको राम्रो होस्, सुख होस् भनी हितको कामना गरी अरुलाई कर्णप्रिय हुनेगरी नरम वचन बोल्नु, राम्रो कार्य गर्नलाई प्रेरणा दिने, नराम्रो काम हुन नदिने वा रोक्ने अरुलाई अर्ति उपदेश दिने आदि वचनद्वारा मद्दत गर्नुलाई 'वाचसिक मैत्री' भनिन्छ ।

**३) मानसिक मैत्री** - अर्काको सदैव राम्रो होस्, सुख होस् भनी मनले कामना राखी चिन्तन गर्नुलाई 'मानसिक मैत्री' भनिन्छ ।

मैत्रीको विकास गर्न मैत्री भावनाको ध्यान पनि गर्नुपर्छ । एकान्त ठाउँमा बसेर सबभन्दा पहिले आफूले आफैलाई यसरी मैत्री ध्यान गर्नुपर्छ ।

अहं अवेरो होमि : म वैरभाव रहित होउँ ।
अव्यापज्जा होमि : म क्रोधरहित होउ ।
अनिघा होमि : म दुःख उपद्रवरहित हुन सकूँ ।
सुखी अत्तानं परिह रामि : मैले सुखपूर्वक आफ्नो जीवन व्यतित गर्न सकूँ भनी बारम्बार मनमा चिन्तन मनन् गरी ध्यान भावना गर्नुपर्छ । यसरी आफूलाई मैत्री भावमा स्थिर राख्न सके प्रिय, मध्यस्थ र अप्रिय - यी तीन थरिका सत्वप्राणीहरूप्रति मैत्री भावना जागेर आउँछन् ।

अन्तमा हाम्रो व्यावहारिक जीवनमा मैत्री नभई नहुने तत्त्व हो । मैत्री रहेकोले नै मानिस एक आपसमा मिलेर बस्न सकेको हो । व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वमा मेलमिलाप गरी बस्न मैत्री अति नै आवश्यक छ । मैत्रीयुक्त भएर बस्न सक्यौ भने मात्र जहाँ गए पनि हामी निर्धक्क हुनसक्छौं । मैत्रीयुक्त व्यक्तिलाई सबैले प्रशंसा गर्ने छन् । मन पराउने छन् । मानव स्वभाव पनि एक किसिमको सरुवा रोग हो अत: मैत्री पनि अरुमाथि प्रभाव पार्न सक्ने तत्व (धर्म) हो । भगवान बुद्धले आफ्नो मैत्री भावले मारसेना, आलवक जस्ता भयानक अमनुष्य (राक्षस), नालागिरी हात्ती, अंगुलिमाल जस्ता डाँकालाई पनि जित्नुभयो । अत: मैत्रीको महत्त्व सम्झी बुझी सबैले मैत्रीको वातावरण सिर्जना गर्न सकून् । सबैको मंगल होस्, कल्याण होस् र भलो होस् ।

# संसारमा अधिकारको महत्त्व हुन्छ



✦ गोपीकृष्ण प्रजापति

समाज भनेको गुठियार, फुकी ज: र छिमेकीहरू मिलेर बस्ने टोलवासीको तथा व्यक्ति व्यक्तिको समूह हो । समाजले समाजभित्रको समस्याको समाधान गर्ने गर्दछ । यदि संसारको सुख शान्ति चाहने हो भने हामीले पहिले व्यक्ति व्यक्तिको सुख शान्तिको कुरा गर्नुपर्छ । भगवान गौतम बुद्धले समाजको कल्याणको लागि व्यक्ति व्यक्तिलाई धर्म देसना प्रदान गर्नुभयो । सम्पूर्ण वर्ग सम्पूर्ण जातिका व्यक्तिहरूलाई धर्मको ज्ञान दिनुपर्छ । भगवानले भन्नुभयो - सर्वजन हिताय: सर्वजन सुखाय:को बाटो सिकाउनुपर्छ । त्यही हाम्रो कर्तव्य पनि हो । संसारमा अधिकारको महत्त्व हुँदैन । राज्यमा भनेको आफ्नो रुची अनुसारको क्रियाकलापमा संलग्न हुन नसक्ने हुन्छ । हिजो आफू सक्षम हुँदा आर्जन गरेको सम्पत्ति र ऐस्वर्यबाट समेत आफू बञ्चित भइ बन्दी जीवनजस्तै आफ्नो जीवन बिताइ रहनुपर्ने हुन्छ । त्यसैले खास गरेर विश्वभरिका मानिसहरूको एउटै आकांक्षा छ - सुख, शान्ति र सुव्यवस्था तर शान्ति खोजेर पाइँदैन । शान्ति किन्न पनि पाइने होइन । समाजको एकता विना शान्ति सम्भव छैन । शान्ति विना स्थिरता सम्भव छैन । साथीहरूको दोष कहिले पनि नखोज्नु । आफ्नो दोष र तृष्णा एकातिर पन्छाइ साथीहरूसँग मिला बस्नु नै सबैभन्दा उत्तम हो । त्यसको उद्देश्य व्यक्ति व्यक्तिको भलाई गर्नु हो' भनी भगवानको वाणी सुनेर असन्तोष व्यक्तिले लाभ प्राप्त गरे । समाज सेवाको कामबाटै फल फल्छ । जसको आत्मबल बलियो हुन्छ त्यसको सन्तान दरसन्तानसम्मै राम्रो हुन्छ । यिनै सत्य भनी जान्नुपर्छ एवं क्रमले गरिरहँदा कर्म मिलोस् भनी चिन्तन गरिरहनु मानव जीवनको उद्देश्य हुनुपर्दछ । भगवान बुद्धको वचन हो । विभिन्न वर्ग समाज एवं सम्प्रदायका वृद्धवृद्धाहरू आफ्नै अवस्था र व्यवस्थाबाट अथवा आफ्नै परिवारबाट अपहेलित भएर दिक्दार भएको हुन्छ । आफू असुरक्षित अपमानित र भार हुन पुगेको हुन्छ । त्यसकारण हामी सर्वजन हिताए सर्वजन सुखाएको बाटोमा लागि रहनुपर्दछ । तबमात्र आत्मा शान्ति मिल्दछ भनी ज्ञानको खानी सिद्धार्थ गौतम बुद्धले भन्नुभएको छ ।

'अर्हत' लाई बौद्ध साहित्य विषयमा
लेख-रचनाहरु दिई सहयोग गरिदिनु हुन लेखक महानुभावहरुमा
विनम्र अनुरोध गर्दछ ।

फोन नं. : ९८४१९५०१३१
फ्याक्स : ६६१३२०७

बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

# महामञ्जुश्री सरस्वती मखु

✦ न्हुछेकुमार लासिवा

*श्री महामञ्जुश्री हंसवाहिनी सरस्वती मखु ।*
*सिंहवाहिनी ससुद्यः खः । श्री महामञ्जुश्री गुरु ।*

भी नेवः तयुसं ल्हासापाको ससुद्यः धाई । ल्हासा पाको ससुद्यः धःगु कारण थथे खः - ल्हासा निसें नेपः (उपत्यका) या पूर्व पतिया डाँडाय् बिज्याङ बास च्वनेया निंतिं थाय् स्वयः बिज्यावले तःग्वगु लोहँया पाको लुयः वल । व पाको (ओडार) बास च्वनेता अतिकं ज्याःछिंगु जुगुलिं आना हे बास च्वङ विज्यागु जुयः च्वना । वसपोल महामञ्जुश्री गुरु यक्व हे सस्यम्हा जुगुलिं नेवः भासं ससुद्यः धःगु खः । सरस्वती धःगु मखु ।

धात्थे धाय्गु खःसा सरस्वतीया वाहान हाँय् व म्हय्खा जुइगु खः । तर महामञ्जुश्रीया बाहन सिंह जुयः च्वन । ल्हासा पाकोय् च्वंम्हा ससुद्यःया बाहन सिंह खः - म्हय्खा व हाँय मखु । उकिं ल्हासा पाको ससुद्ययाता सरस्वती धाय्गु पाय्छि जुइमखु ।

उलिजक मखु वसपोल महामञ्जुश्री गुरुया नेम्हा कला दः धाय्गु किंवदन्ति द । छम्हासिया नां बरदा अले मेम्हा सियागु नां मोक्षदा खः । थौं कन्हे बरदा व मोक्षदा गना गना च्वङ विज्याता धःसा फू च्वय् च्वङ विज्याम्हा फूच्व अजिमा अले ध्यान च्वय् च्वङ विज्याम्हा ध्यान च्व अजिमा खः । उकिं ल्हासा पाकोय् च्वंम्हा ससुद्यः गथे मिसाम्हा जुइ ? वसपोल मिजंम्हा खः । ब्रम्हाया म्हयाय् सरस्वती मखु ।

वसपोल महामञ्जुश्री याता वागीश्वरायः नं धायःतगु दः । मनूत मसयः मथुय न्यने काने मजुयः भ्रमय् लागु खः । गथेधःसा द्यः तय्गु नां तताजि दैगु जुयः च्वना । गथेकि नेवः भासं ल्हासाय् निसं विज्याम्हे, अले लोहँया पाकोय बासं च्वङ विज्याम्हा जुगुलिं ल्हासा पाको ससुद्यः धाल । स स्यूम्हा द्यः जुल । पालिभासं अथवा सस्कृत भासं महामञ्जुश्री जुल धःसा तिब्बेतियन भासं फाग्या ज्याम पल धाइगु खः । थथे जुगुलिं मनूतयुता भ्रमय् लाःगु खः ।

याँय्, यलाँय व थिमिं पश्चिमया नेवः तयुसं महामञ्जुश्री गुरु थाय द्यःकय् वानेनु धाइगु ।

मेम्हा मञ्जुश्री स्वयम्भू डाँडां पश्चिम पति च्वंगु डाँडाय् दः । आना न्हापा जिं तुतीपाली जक खाडागु खः । थौ कन्हे व थासय् मूर्ति दयेल । याँय्, यलाँय् या मनू तयुसं ल्हासा पाको ससुद्य धाय्गु मस्यु । ख्वप देय्या मनु तयुसं महामञ्जु श्री धाय्गु मस्यु । अथेजुयः याँय् व यल्वाँय् मनू तयुसं महामञ्जुश्री वानेगु लाँ गना ? धक न्यंवले ख्वपय् तयुसं जिमि थाय महामञ्जुश्री धाय्म्हा मरु धःगुलिं ल्हासा पाको ससुद्यः थाय वपुँ मनूत लिहाँ वाना



मञ्जुश्री

ध:गु न्ह्याङ तयागु द: । उकिं ल्हासा पाको ससुद्य: धाय्‌म्हा महामञ्जुश्री ख: धक जनस्तरं प्रचारप्रसार याये म थें च्वन ।

महामञ्जुश्री ज्वङ विज्यागु खड्‌ग सुं प्राणी पिंता प्रहार यायेता मखु । थ:गु नुग: दुनय्‌ च्वंगु राग, द्वेष, क्लेश, मोह, तृष्णा व अभिमान याता प्रहार यायेता जक ख: । व खड्‌गयाता प्रज्ञा ज्ञान खड्‌ग धाई ।

भीसं लुमांक तयेमगु छगु खँ - ल्हासा पाको ससुद्य:या देपाय्‌ न्हापा न्येता: जगु फलेचा छ्‌खा द: व फल्चाया च्वय्‌या तल्लाय स्वम्हा द्य: द । बसपोल द्य: पिनिगु नां थथे ख: । दथी च्वंम्हा बज्रपानी, जव:पाय्‌ च्वंम्हा श्री महामञ्जुश्री अले देव:पाय्‌ च्वंम्हा देंचुमिला गुरु वसपोलयाता मिलारेपा नं धाई ।

वसपोल गुरु न्हापा ल्हासाय्‌नं विज्याङ महामञ्जुश्री गुरु थाय्‌ ध्यान याङ सिद्धि प्राप्त याङ विज्याम्हा ख: । व थाय्‌ थौं कन्हे फलेचा मखुत । व फलेचायाता जिर्णोद्धार याङ गुरुजु पिनि पाठ यायेता छें खा दयेक बाँलाके धुंकल । अले भुईतलाय्‌ गुम्बा थे याङ व स्वम्हां द्य: पु थापना याङ सुरक्षित याये धुंकगु द: ।

भीसं द्य: म्हासिकेगु छगु आधार द । व आधारया लिधांसाय्‌ गुम्हा द्य: छु मुद्राय द ल्हातं छु ज्वंसा ज्वङ च्वना, वया छु बाहन अले मिसाम्हा व मिजंम्हा द्य: या नामं सिइके अपुइ । भी भ्रमय्‌ लाक च्वने मालिमखु ।

थौं कन्हे ल्हासा पाको ससुद्य: (महामञ्जुश्री) या मूर्ति हिल छोय सरस्वतीया मूर्ति स्थापना याये माला ध:गु समाचार न्यने द: । अथे यात ध:सा थाकल मथ ज:ख व सुडाल गाविस याता तसिकं नोक्सान जुई । छाय्‌धसा वसपोल महामञ्जुश्री कुमार गुरुया नामं यँाय्‌ यलाँय्‌, ख्वप व थिमियापु जक मखु देश विदेशया बौद्ध मार्गी मनूत महामञ्जुश्री दर्शन यायेता विज्याङ च्वंगु भीसं सिया ।

गुम्बा त दयेक च्वंगु द: ध्व बाँलागु खँ ख: । यथे हे प्रचार जुय वान ध:सा सडकमा विकास नापा नापां पर्यटन उद्योगयाता नं ध्वासा जुइगु जिं तायक च्वङ्ग । उकिं महामञ्जुश्री या मूर्ति लिकाय: छोयेगु भिंगु ज्या: मखु । सुभाय्‌


नेपाल सम्वत्‌ ११३३ नयाँ वर्ष तथा

शुभ दीपावलीको उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक-शिक्षिका तथा शुभचिन्तक महानुभावहरुमा

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

वाइज लायण्ड सेकेण्डरी स्कूल

जगाति, भक्तपुर - ७

# अमेरिकी साम्राज्यवादीहरुबाट बुद्ध अंकित जुत्ता उत्पादन गरेको विरोधमा !

संसारमा विभिन्न प्रकारका धर्महरू छन् । त्यसमध्ये बुद्ध धर्म पनि एक हो । आज बुद्ध धर्म संसारका एकतिहाइ मानिसले मानेका छन् । यस धर्मले विश्व मानव जगतको लागि शान्ति, मैत्री, अहिंसा र करुणाको मार्ग प्रदर्शित गरेको छ । तर आजको कतिपय मानव जगतले बुद्ध धर्मलाई धर्मको रुपमा भन्दा पनि प्राय: शिक्षा र दर्शनको रुपमा पनि लिने गरिएका छन् । उक्त धर्म र दर्शन एवं शिक्षाको प्रवर्तक गौतम बुद्ध २६०० वर्ष पहिले (ई.पू.६००) पश्चिम नेपालको तराई रुपन्देही जिल्लाको लुम्बिनी ग्राममा जन्मनुभएको थियो ।



वास्तवमा उहाँको शिक्षा मानव जगतको हित, सुख, कल्याणको लागि नै भएकोले उक्त शिक्षा ज्ञानको ज्योति भई विश्वमा फैलिएको हो । तसर्थ बुद्ध धर्मको आजसम्म पनि नेपालको इज्जत गौरव अविच्छिन्न रुपले रहँदै आएको छ । देशको इज्जत र गौरव पनि आज हामीबाट विमुख हुन खोज्दैछ भने यसबाट कहीं कतै राष्ट्रियतामा समेत सङ्कट आइपरेको छ । क्षण प्रतिक्षण राष्ट्रियतामाथि यस्तो अवस्था आइ परे तापनि यहाँका राज्य (सरकार), राजनीतिक दलहरू, नागरिक समाज किन चूपचाप छन् ?

आज आएर अन्तर्राष्ट्रिय जगत अर्थात् राष्ट्रसङ्घबाट नै प्रमाणसहित बुद्ध नेपालको भूमिमा जन्मेको भनेर प्रमाणित भएपछि मात्र केही हदसम्म भारत चूप भयो । तर पनि भारतको उक्त दुष्प्रचार जारी नै छ । यस्तो परिवेशमा फेरि हाम्रोसामु अर्को चुनौती आइपरेको छ ।

त्यो चुनौती भनेको आजको विश्वसाम्राज्यवादका महानायक संरा अमेरिकाको क्यालिफोर्निया सहरको एउटा आइकन जुत्ता कम्पनीबाट गौतम बुद्धका विभिन्न चित्र अङ्कित भएका जुत्ताहरू, महायान, बज्रयानको धर्मगुरु मञ्जुश्रीका चित्र अङ्कित जुत्ताहरू, दलाइ लामाको फोटो भएका जुत्ताहरू उत्पादन गर्नुका साथै बुद्ध मूर्तिलाई जुत्ताको माला लगाई राखेको आदि इत्यादिका फोटोहरू समेत अमेरिकाको गुगल तथा इन्टरनेटमा सङ्कलित भएका उक्त फोटोहरू प्रदर्शन भएको छ । अमेरिकाको उक्त जुत्ता कम्पनीको यस्तो अति निन्दनीय कार्यबाट विश्वका समस्त बौद्ध जगतको भावनामा गहिरो चोट पुगेको छ । हामी नेपाली जनतालाई पनि हाम्रो राष्ट्रिय विभूति अपमानित भएकोमा अवश्य पनि आघात पुगेको छ ।

महिनौ जस्तै भयो यस्तो फोटो प्रदर्शन भएको । खोइ ! आजसम्म पनि यहाँको सरकार, विभिन्न राजनीतिक दलहरू, नागरिक समाज र स्वयम् बौद्ध सङ्घ संस्थाहरूसमेत चूपचाप देखिन्छन् । कतिपय बौद्ध सङ्घसंस्थाहरू हिजो आजसम्म पनि विभिन्न विषयमा अति व्यस्त एवं क्रियाशील भइरहेको संस्थाका जिम्मेवार व्यक्तिहरू र विशेष गरेर

आफूहरू अन्तर्राष्ट्रिय स्तरको बौद्ध संस्थामा बसेर काम गरिरहेका छौं भनेर गर्व गर्ने हाम्रा विशिष्ट महानुभावहरू यो अवस्थामा किन मौन छन् ? उनीहरू फाइदा, बेफाइदा र जोड घटाउको हिसाबमा मौन भएको हो कि चीन या त अमेरिकाजस्तो शक्तिशाली राष्ट्र भएको डरले मौन भएका हुन् ? त्यसैगरी हाम्रा कतिपय महायानी लामा गुरु आनीहरू एवं उपासक उपासिकाहरू पनि हिजोसम्म काठमाडौंको सडक-सडकमा खुब चीनविरोधी गतिविधि अर्थात् र्‍याली गर्छन् ।

तर आज बुद्ध, मञ्जुश्री गुरु र आफ्नै जिउँदा गुरु दलाई लामाको समेत अपमानित रुपले जुत्तामा फोटो राखेर ल्याए तापनि यो अवस्थामा पूरै न्यूनीव्रत (बोल्न नहुने र नून प्याज, लसुन, माछा, मासु खान नहुने व्रत) मा बसेझैं चूपचाप बसेका छन् । यसको के रहस्य छ होला ? जे होस् बुद्ध भएको जुत्ता उत्पादनको विषयमा यहाँ केही हद भए पनि ललितपुर बुद्ध जयन्ती कोषको तर्फबाट पाटनको विभिन्न सङ्घ संस्था र भक्तपुरको बौद्ध सङ्घ, युवा बौद्ध पुचः र मैत्रय युवा सङ्घको एउटा संयुक्त टोलीले अमेरिकी राजदूतावास र प्रधानमन्त्री कार्यालयमा ज्ञापनपत्र बुझाएको थियो ।

यसबाहेक अरु कुनै कतै कसैबाट यस विषयमा गतिविधिहरू भएको देखिंदैन । यस्तो विषय भनेको बौद्धहरूको मात्र सरोकारको विषय होइन । मूलतः यहाँको राज्य (सरकार) र विभिन्न राजनीतिक दलहरू र नागरिक समाजले पनि ध्यान दिनुपर्ने हो । यहाँको जुनसुकै सरकार भए पनि बुद्धको नाममा मात्र मागिखाने भाँडो बनाई कहिले लुम्बिनी भ्रमण वर्ष, कहिले लुम्बिनी पर्यटन वर्ष, कहिले लुम्बिनी बौद्ध शिखर सम्मेलन भनेर अनेकौं बहानामा मागिखाने भाँडो बनाएकोले मात्र इज्जत गौरव ठानेका हुनाले हृदयदेखि नेपालमा बुद्ध जन्म भएकोमा कहाँ गर्व होलान् र ? बुद्ध र बुद्ध धर्म हाम्रो होइन इतिहासको कालखण्डदेखि परेको छाप आज हाम्रो मनमस्तिष्कमा पनि परेको छ । यसको कारणले हामी पनि चूपचाप छौं । यसले गर्दा भारतलाई बुद्ध भारतमा नै जन्मेको हो भन्ने कुरा सहज वातावरण बनेको छ । बुद्ध बौद्धहरूको मात्र सम्पत्ति होइन र उहाँको धर्म पनि बौद्धहरूको धर्म हो । उहाँको धर्म भनेको मानव धर्म हो । जसले गर्दा आज विश्व मानव जगतले समेत उहाँको ज्ञान आत्मसात गरेको छ ।

यस्तो महामानव र हाम्रो राष्ट्रिय विभूतिको अपमान भएकोमा आम नेपाली जनताले सशक्त विरोध गर्नुपर्छ र अमेरिकालाई दबाब दिनुपर्छ । हामी बुद्धमात्र होइन संसारका जुनसुकै धर्मका प्रवर्तकहरूको अपमान र अवमूल्यन गर्नुहुन्न राम, कृष्ण, अल्लाह, जिसस क्राइस आदि युग पुरुषहरूको समेत अपमान र अवहेलित नगर्न अनुरोध गर्दछौं । त्यस्तो कार्यको अन्त्य गर्न हामी सबैले विरोध गर्नुपर्छ ।

*अध्यक्ष : धर्मरत्न शाक्य*
*सचिव : तुल्सीकाजी मानन्धर*
*युवा बौद्ध पुचः भक्तपुर*

**सभार : मंजदुर दैनिक**

◆ **मानिसको उत्थान र पतन हुने आफ्नै हात र कर्मको खेल हो । राम्रो र नराम्रो कामको जिम्मेवार आफै हो, जसले आफ्नो मनलाई राम्रोसँग वशमा राख्न सक्नेछ । त्यसले ब्रम्हत्व र ईश्वरत्व प्राप्त गर्न सक्ने ।**

***गौतम बुद्ध***

# अमेरिकी जुत्ता कम्पनीविरुद्ध सभा




बौद्ध दर्शन अध्ययन समाज भक्तपुरले अमेरिकी जुत्ता कम्पनी (आइकन) ले विश्व शान्तिँका अग्रदूत गौतम बुद्ध तथा विश्वका शान्तिकामी जनताको अपमान र भावनामा चोट पुऱ्याउने गरी बुद्धको तस्वीर अङ्कित जुत्ता उत्पादन गरेको विरोधमा बिहीबार धर्म कीर्ति बिहारमा विरोधसभा गऱ्यो ।

विरोधसभामा सभाका प्रमुख अतिथि एवं भिक्षु कौडण्यले कुनै पनि धर्म, आस्था र विचारमा चोट पुऱ्याउने कामको समयमै सबैले काँधमा काँध मिलाएर विरोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

संसारभर बाटो देखाउने पथप्रदर्शक गौतम बुद्धलाई ट्रेडमार्क बनाउने कुनै पनि देशको कुनै पनि कम्पनीको सुनियोजित षड्यन्त्रको विरोध जनताको बस्ती-बस्तीमा पुऱ्याउनुपर्नेमा जोड दिँदै गलत कार्यको कसैले पनि आँखा चिम्लेर बस्न नसक्ने विचार राख्दै उहाँले भन्नुभयो - 'विरोधसभा विरोध गर्न मात्र होइन, आइन्दा गल्ती नगर्न खबरदारी गर्नुपर्छ र त्यसबारे जनतामा जागरण ल्याउनुपर्छ ।'

बुद्धको बद्नाम गराउन अनेक षड्यन्त्र भइरहेको चर्चा गर्दै उहाँले भन्नुभयो -'शान्तिका प्रतीक, विश्वभर चेतना फैलाउने बुद्धको विचार, आस्था र व्यक्तित्वमा चोट पुऱ्याउने कामको विरोधमा सबैले स्वरमा स्वर मिलाएर विश्वभर फैलाउनुपर्छ ।

बौद्ध विद्वान एवं प्राध्यापक सुवर्ण शाक्यले कुनै कम्पनीले व्यापार व्यवसाय बढाउन, अकुत सम्पत्ति कमाउन जुत्तामा बुद्ध अङ्कित तस्वीर राख्नु अत्यन्त आपतिजनक छ, यो आतङ्क मच्चाउने आतङ्ककारी काम हो, त्यो वैचारिक दरिद्रताको उदाहरण हो भन्नुभयो ।

आफूलाई शक्तिशाली र संसारकै मानव अधिकारवादी भनिने देश अमेरिकाले नै मानवताविरोधी काम गरेर शान्तिकामी जनताको मनमा चोट पुऱ्याउने उक्त कदमको निन्दा गर्दै उहाँले राष्ट्रमा आघात पुऱ्याउने काम गरे पनि सरकार मौन रहेकोमा आश्चर्य व्यक्त गर्नुभयो । उहाँले बुद्धको नाउँमा आयआर्जन गर्ने एनजीओ र आईएनजीओहरूसमेत मौन रहेकोमा खेद व्यक्त गर्नुभयो ।

मुनिविहारका भिक्षु परमा रामोले शान्तिको खोजी गर्ने, बाटो देखाउने र बुद्ध दर्शनको प्रचार गर्ने बुद्धको प्रतिष्ठामा चोट पुऱ्याउने कार्यविरुद्ध एकजुट हुनु समयको माग हो भन्नुभयो ।

बौद्ध दर्शन अध्ययन समाज भक्तपुरका अध्यक्ष बालमुकुन्द बासुकलाको सभापतित्वमा भएको सो विरोध सभामा बौद्ध दर्शन समाजका सल्लाहकार रतनसुन्दर शाक्य, समाजका सचिव चन्द्रबहादुर उलक, मजदुर दैनिकका सम्पादक विष्णुगोपाल कुसी र न्हुछेरत्न बुद्धाचार्यले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# महामञ्जु श्रीस्थानको सम्पदा बचाऔं

महामण्डप, थाकलमाठ, सुडाल गाविस ६ मा अवस्थित महामञ्जुश्री स्थानमा केहीलाई आफूले सोचेजस्तो हंसवाहिनी सरस्वतीको मूर्तिको सट्टा खड्ग उठाइरहेको महामञ्जुश्री बोधिसत्त्वको पूर्ति पाउँदा निराश भएको खबर पढें । यसमा अरुले केही पनि गर्नसक्ने अवस्था छैन । यस्तो अवस्था अन्यत्र पनि छ । श्रीपञ्चमीको दिनमा राजधानीको श्रद्धालुहरू सरस्वती पूजा भनी स्वयम्भू डाँडाको पछाडि रहेको थुम्कोमा पूजा गर्न पुग्दछन् । वस्तुत: त्यहाँ महामञ्जुश्रीकै मूर्तिमा श्रद्धापूर्वक पूजा अर्चना गरेर भक्तजनहरू सन्तोष मान्दछन् । यही दिनमा भक्तपुरको महामञ्जुश्री स्थानमा पनि मेला हुन्छ । अझै चैत मसान्तमा तथा वैशाख १ गतेका दिन विशेषत: ललितपुरवासी बुद्धमार्गीहरूको मेला लाग्दछ । यसलाई महामञ्जुश्री मेला भनिन्छ, त्यस्तै ल्हासापाको स:स्यूधो (विद्या तथा शिल्पको देवता) स्थानमा पनि मेला लाग्दछ ।

वस्तुत: यस मन्दिरमा अतीत कालदेखि नै श्रीमहामञ्जुश्री बोधिसत्त्वकै पूजा भईआएको छ र हुन्छ । यसमा आश्चर्य मान्नुपर्ने वा आक्रोशित हुनुपर्ने कुनै कारण छैन । ललितपुर दरबार क्षेत्रमा रहेको सुनौलो झ्यालको बीचमा रहेको देवताको नाम के हो भनी बटुवाहरूसँग सोधिदा विष्णुको मूर्ति हो भनि जवाफ आयो । बुद्धमार्गी आचार्यहरूले सो मूर्तिलाई अवलोकितेश्वर वा करुणामयको मूर्ति हो भनी बताए । इतिहास तथा मूर्ति विज्ञानको जानकारहरूले पनि सो मूर्ति अवलोकितेश्वर वा करुणामयको नै भएको बताए ।

कुरो उठ्छ कि कसैको बोलीचालीमा चलेको शब्द शास्त्रीय भएन भने शास्त्र फेर्ने कि जनतामाझ शास्त्रीय कुरा प्रचार गर्ने ?

अतीतमा विभिन्न कारणले नेपालमा बौद्ध शास्त्रहरूको प्रचार-प्रसार जनतामा घट्दै गएको कारणले महामञ्जुश्री बोधिसत्त्वलाई स:स्यूधो भनेकोलाई सरसस्वती भनी बुझ्न थाले । शास्त्रीय परम्पराले महामञ्जुश्री । नै रहेको तथ्य स्वयम्भू पुराण आदि शास्त्रबाट प्रमाणित हुन्छ ।

तसर्थ नयाँ सरस्वती मूर्ति स्थापना गरेर शास्त्र इतिहासको विरुद्ध हुने काम नगर्नु जाती हुन्छ । बुद्ध भगवानको जन्म भएको पवित्र लुम्बिनीमा रहेको प्राचीन बुद्धजन्म मूर्तिलाई रुम्मिनदेवी भन्ने देवी वा भगवती मानेर नानाथरीका पशुपंक्षीहरू बलि चढाउने गरेकोलाई देशमा शिक्षा तथा बौद्धशास्त्रको ज्ञान बढेपछि तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले सो बलि प्रथालाई कानुनी रुपले नै रोक लगाएको एक शताब्दी हुन लाग्यो । अहिले संयुक्त राष्ट्रसङ्घको अगुवाइमा लुम्बिनीको विकास भइरहेको अवस्थामा बुद्ध जन्ममूर्ति झिकेर भगवतीदेवीको मूर्ति स्थापना गर्नुपर्ने हो कि ?

भक्तपुर नगरमा वर्षको २ पटक जात्रा मनाइने ५ जना दीपंकर बुद्धको मूर्तिलाई महाभारतको पञ्चपाण्डव भन्नेहरू धेरै छन् । के त सबैले यसैलाई मान्नुपर्छ र ? बुद्धिको घैंटोमा घाम लागेकाहरूले त दीपंकर बुद्ध भनेर नै व्यवहार गर्दछन् । यहाँ पनि दीपंकर बुद्धका मूर्ति हटाएर नयाँ पञ्चपाण्डवको मूर्ति बनाएर जात्रा मनाउनुपर्ने वा गर्नुपर्ने भयो कि ?

बुद्ध भगवानको जन्म भएको देशमा निरन्तर रहि आएका बौद्ध संस्कृति र परम्परालाई मर्यादा पूर्वक आदर सबै नेपालीहरूले गर्नुपर्दछ । महामञ्जुश्री स्थानमा रहेका चैत्य, पञ्चबुद्धका मूर्तिहरू महामञ्जुश्री मूर्ति आदि सम्पदाहरूको समेत ससम्मान संरक्षण हुनुपर्दछ । यसैमा हामी सबैको कल्याण छ ।

*- भिक्षु विपस्सी, मुनि विहार भक्तपुर -६*

# विरोध सभाका झलकहरू



भिक्षु परमा रामो



भिक्षु कोण्डन्य




प्रा. शुवर्ण शाक्य




समाजका अध्यक्ष बालमुकुन्द बासुकला



सभामा सहभागीहरु



सभामा सहभागीहरु

जसरी हावा चलेको दिशातिर धुलो फ्याँक्दा त्यो धूलो आफैतिर आइपर्दछ, त्यसैगरी शुद्ध, क्लेश र मलबाट निर्लिप्त निर्दोष (अर्हत) लाई जसले दोषारोपन गर्दछ, त्यस्ता मूर्खले नै पापको फल भोग्नुपर्छ ।

*– धम्मपद*

# विरोध सभाका झलकहरु







रत्नसुन्दर शाक्य



सभामा सहभागीहरु

सबै प्राणीहरु दण्डदेखि डराउँछन्, सबै मृत्युदेखि डराउँछन् भन्ने कुरा बुझी आफूलाई नै उदाहरण बनाएर कसैलाई पनि हनन नगर्नु, घात पनि नगर्नु ।

– *धम्मपद*

नेपालसम्वत ११३३ नयाँ वर्ष तथा
शुभ दिपावलीको सुअवसरमा समस्त
व्यवसायी ग्राहक एवं शुभेच्छुकहरुमा सुख
शान्ति र उत्तरोतर प्रगतिको हार्दिक
मंगलमय शुभकामना !

स्तरीय र आकर्षक सर्टिङ सुटिङको लागि हामीलाई सम्झनुहोस् ।



ॐ शान्ति टेलरिङ्ग सेन्टर

सूर्यविनायक, भक्तपुर, फोन : ६६१६८५५, ६६१०४८४

नेपालसम्वत ११३३ नयाँ वर्ष तथा शुभ दिपावलीको उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्गमा सुख, शान्ति तथा उत्तरोतर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।






शुद्ध, ताजा तथा स्वास्थवर्द्धक दूध, नौनी (बटर), आईसक्रिम र जुजु धौको लागि सर्म्पक गर्नुहोस्।




# कालिका डेरी प्रा. लि.

सर्म्पक

अफिस ६६१४११८, अफिस ६६१७४०८, रिसेप्सन ६६१०४७९